मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक ८२ ● २०८२ साल माघ २२ गते बिहीबार ● Thursday 05, February 2026 ● सूर्योदय: बिहान ०६:४९ बजे ● सूर्यास्त: साँझ ५:५० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मलद्वार र डस्टबिनबाट सुन बरामद, दुई पक्राउ

**काठमाडौँ।**
नेपाल प्रहरीले दुई छुट्टाछुट्टै घटनामा सुनसहित दुई जनालाई पक्राउ गरेको छ । एक जनालाई मलद्वारमा सुन लुकाएर ल्याएको अवस्थामा पक्राउ गरिएको हो भने एक जनालाई डस्टबिनमा सुन लुकाएर लैजाने क्रममा पक्राउ गरिएको हो। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक राजकुमार सिलवालका अनुसार मलद्वारमा सुन लुकाउने भारतीय नागरिक हुन् भने अर्को नेपाली हुन्। बुधबार फ्लाई दुबईको उडानबाट काठमाडौँ आएका भारतीय नागरिक अबु बरकतलाई मलद्वारमा सुन लुकाएर ल्याएको अवस्थामा पक्राउ गरिएको उनले बताए। शङ्का लागेर जाँच गर्दा मलद्वारभित्र सुन लुकाएको पाइएपछि शौच गराएर १०० ग्रामको अर्धठोस सुन निकालिएको थियो । यस्तै, विमानस्थलमै सुरक्षा छलेर सुन निकाल्न खोज्ने सुनगाभा सगरमाथा सर्भिस प्रालिका सरसफाइ कर्मचारी डिकबहादुर राउतलाई पनि सुनसहित पक्राउ गरिएको उनले बताए। उनलाई विमानस्थलभित्र राखिएको डस्टबिनबाट फोहरसँगै निकाल्ने क्रममा पक्राउ गरिएको हो । उनले निकाल्न लागेको फोहरको पोकोबाट ४.४ ग्रामका सुनका सिक्रीका टुक्रा फेला पारिएको छ । बुधबारै अनुसन्धानका लागि उनीहरूलाई विमानस्थल भन्सार कार्यालय पठाइएको पनि सिलवालले बताए।

# मधेश प्रदेशसभा ८ वर्ष:
# सुशासन र समृद्धिको प्रतिबद्धता दोहोरियो



**जनकपुरधाम।**
मधेस प्रदेशसभाको ८औँ वार्षिकोत्सव विविध कार्यक्रमका साथ मनाइएको छ । अवसरमा आयोजित विशेष समारोहमा प्रदेश प्रमुखदेखि मुख्यमन्त्री, मन्त्री र प्रदेशसभा सदस्यसम्मले संघीयता कार्यान्वयन, अधिकार बाँडफाँट र संघ सरकारको व्यवहारजस्ता विषयमा केन्द्रित हुँदै धारणा व्यक्त गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेसका प्रदेश प्रमुख सुरेन्द्र लाभले संघीयता सफल हुन अधिकार र अवसरको न्यायोचित वितरण आवश्यक रहेको बताए । संघीयता भूगोलको विभाजन मात्र नभई सिंहदरबारको अधिकार जनताको घरदैलोसम्म पुऱ्याउने संरचना भएको उल्लेख गर्दै उनले लोकतन्त्रको सुन्दरता जनताले आफ्ना प्रतिनिधिमार्फत आफ्नै लागि कानुन निर्माण गर्न सक्नुमा निहित रहेको धारणा राखे । विगत आठ वर्षमा मधेस प्रदेशसभाले अनेक उतार–चढावका बीच संघीयता कार्यान्वयनमा नेतृत्वदायी भूमिका खेलेको उनको भनाइ थियो । प्रदेशको नामाकरण र राजधानी चयन प्रक्रियामा देखिएको सहमति र सुझबुझलाई उनले राजनीतिक परिपक्वताको उदाहरणका रूपमा उल्लेख गरे।

प्रदेश प्रमुख लाभले प्रदेशसभा कानुन निर्माणमा मात्र सीमित नभई जनताका समस्या समाधान गर्ने केन्द्रका रूपमा स्थापित हुनुपर्नेमा जोड दिए । समृद्ध मधेस निर्माणका लागि दलहरू विकासमुखी सोचसहित अघि बढ्नुपर्ने र प्रदेशको स्वाभिमान उच्च राख्दै आर्थिक समृद्धि तथा सामाजिक समावेशितामा जोड दिनुपर्ने उनले बताए।

मुख्यमन्त्री कृष्ण यादवले संघ सरकारले मधेससँग गर्ने व्यवहार अन्य प्रदेशको तुलनामा फरक रहेको गुनासो गरे । जनसंख्याका आधारमा अवसर र स्रोत बाँडफाँट हुनुपर्ने उल्लेख गर्दै उनले संघीयताको मर्म अझै पूर्ण रूपमा आत्मसात् हुन नसकेको टिप्पणी गरे।

उनका अनुसार संघीयताको सार नागरिकसम्म सरकारको पहुँच र सरकारसम्म नागरिकको पहुँच सहज हुनु हो, तर व्यवहारमा त्यो देखिन नसकेको आरोप लगाए।

कार्यक्रमका सभापति तथा प्रदेशसभाका सभामुख रामअशिष यादवले जनप्रतिनिधिले नैतिक मूल्य–मान्यताभित्र रही काम गर्नुपर्नेमा जोड दिए । जनताले प्रतिनिधिको कामको निरन्तर मूल्यांकन गरिरहेकाले सुशासन कायम गर्न सबै जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो।

समारोहमा प्रदेशसभा सदस्य राम सरोज यादवलाई उत्कृष्ट सांसदका रूपमा सम्मान गरिएको थियो।

# २६ प्रतिशत उम्मेदवार उच्च शिक्षित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशबाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएकाको शैक्षिक अवस्था हेर्दा उच्च शिक्षा हासिल गर्नेको अनुपात अपेक्षाकृत न्यून देखिएको छ । निर्वाचन आयोगले सार्वजनिक गरेको व्यक्तिगत विवरणअनुसार कुल उम्मेदवारमध्ये २६ प्रतिशतले मात्र स्नातक वा सोभन्दा माथिको अध्ययन गरेका छन् । यसले प्रदेशको चुनावी प्रतिस्पर्धामा शैक्षिक विविधता त देखाए पनि उच्च शिक्षित उम्मेदवारको उपस्थिति सीमित रहेको संकेत गर्दछ ।

फागुन २१ गतेका लागि तय गरिएको प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशका ८ जिल्लामा रहेका ३२ निर्वाचन क्षेत्रबाट १ हजार २७ उम्मेदवार चुनावी दौडमा छन् । तीमध्ये २ सय ६६ जनाले मात्र स्नातक, स्नातकोत्तर वा विद्यावारिधिसम्मको अध्ययन गरेको उल्लेख छ । उम्मेदवारी दर्ताका क्रममा शैक्षिक योग्यता अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने भए पनि केही उम्मेदवारको विवरण खाली देखिनु पारदर्शिताको दृष्टिले प्रश्न उठाउने विषय बनेको छ । निरक्षरदेखि पीएचडीधारीसम्म उम्मेदवार मैदानमा रहनु मधेशको सामाजिक र शैक्षिक विविधताको झल्को पनि हो ।

उच्च शिक्षित उम्मेदवारमध्ये १ सय ८५ विभिन्न राजनीतिक दलका तर्फबाट उम्मेदवार बनेका छन् भने ८१ जना स्वतन्त्र रूपमा चुनाव लडिरहेका छन् । दलगत विश्लेषण गर्दा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट सबैभन्दा धेरै स्नातक वा सोभन्दा माथि अध्ययन गरेका उम्मेदवार देखिन्छन् । त्यसपछि नेपाली कांग्रेस, नेकपा, जनमत पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र उज्यालो नेपाल पार्टीको क्रम आउँछ । नेकपा एमालेले ३२ मध्ये १४ निर्वाचन क्षेत्रमा मात्र उच्च शिक्षित उम्मेदवार उठाएको तथ्यांकले देखाउँछ । आमजनता पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टीलगायत मध्यम आकारका दलहरूमा पनि केही संख्यामा स्नातक वा सोभन्दा माथिका उम्मेदवार देखिए पनि साना तथा नवोदित दलहरूमा भने यस्तो संख्या एक वा दुई जनामै सीमित छ ।

यस निर्वाचनमा मधेश प्रदेशबाट कम्तीमा ११ जना उम्मेदवारले विद्यावारिधि (पीएचडी) गरेको विवरण आयोगको वेबसाइटमा उल्लेख छ ।

सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही र पर्सा जिल्लाका विभिन्न निर्वाचन क्षेत्रबाट यस्ता उम्मेदवार प्रतिस्पर्धामा छन् । केही उम्मेदवारले विद्यावारिधि गरेको भए पनि आयोगको सार्वजनिक विवरणमा उल्लेख नहुनुले अभिलेख व्यवस्थापनमा कमजोरी देखिएको टिप्पणी पनि हुन थालेको छ । यद्यपि, पीएचडीधारी उम्मेदवारको उपस्थिति प्रदेशको चुनावी प्रतिस्पर्धामा बौद्धिक सहभागिताको संकेतका रूपमा हेरिएको छ ।

उम्मेदवारको शैक्षिक स्तरलाई प्रदेशको समग्र शिक्षा अवस्थासँग दाँजेर हेर्दा भने फरक चित्र देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार मधेश प्रदेशमा ५ वर्ष वा सोभन्दा माथिका ५४ लाखभन्दा बढी जनसंख्या रहेको छ ।

तीमध्ये करिब ३६.५ प्रतिशत अझै निरक्षर छन् । आधारभूत शिक्षा हासिल गर्नेको संख्या ३४ प्रतिशतभन्दा बढी, माध्यमिक शिक्षा हासिल गर्ने करिब २१ प्रतिशत र उच्च शिक्षा हासिल गर्ने मात्र ३ प्रतिशत रहेको तथ्यांकले देखाउँछ । यसले प्रदेशमा शिक्षा पहुँच विस्तार भए पनि उच्च शिक्षामा पुग्नेको अनुपात अझै न्यून रहेको स्पष्ट पार्छ ।

निर्वाचन क्षेत्रगत रूपमा हेर्दा शिक्षाको अवस्था असमान देखिन्छ । पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा उच्च शिक्षा हासिल गर्ने जनसंख्या सबैभन्दा धेरै अर्थात् ७ प्रतिशतभन्दा बढी छ ।

वीरगंज महानगरपालिका समेटिएको यस क्षेत्रमा माध्यमिक शिक्षा प्राप्त गर्नेको अनुपात पनि उल्लेख्य छ । त्यसपछि धनुषा–३ मा उच्च शिक्षा हासिल गर्नेको प्रतिशत प्रदेशकै दोस्रो स्थानमा देखिन्छ, जहाँ मधेश प्रदेशको राजधानी जनकपुरधाम पर्छ । सप्तरी–२ पनि उच्च शिक्षित जनसंख्याको हिसाबले अगाडि देखिन्छ ।

विपरीत रूपमा रौतहट–२ मा उच्च शिक्षा हासिल गर्ने जनसंख्या सबैभन्दा कम रहेको छ, जहाँ २ प्रतिशतभन्दा कमले मात्र उच्च शिक्षा पूरा गरेका छन् । यसले प्रदेशभित्रै शिक्षा पहुँच र गुणस्तरमा ठूलो असमानता रहेको संकेत गर्छ ।

समग्रमा उम्मेदवारको शैक्षिक योग्यता र जनसंख्याको शैक्षिक अवस्थाबीच प्रत्यक्ष सम्बन्ध देखिए पनि दुवै क्षेत्रमा उच्च शिक्षितको अनुपात न्यून नै रहेको चित्र स्पष्ट हुन्छ ।

केही निर्वाचन क्षेत्रमा शिक्षित जनसंख्या र उच्च शिक्षित उम्मेदवारको उपस्थिति उल्लेख्य देखिए पनि मधेश प्रदेशको समग्र शैक्षिक अवस्था अझै चुनौतीपूर्ण रहेको तथ्यांकले औंल्याउँछ । यस्तो अवस्थाले आगामी दिनमा शिक्षा नीति, पहुँच र गुणस्तर सुधारतर्फ थप ध्यान दिनुपर्ने आवश्यकता झन् प्रस्ट पारिएको देखिन्छ ।

# मधेशलाई मधेशी जनता आफैँले समृद्ध बनाउँछन्: यादव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले आउने दिनमा समृद्ध मधेश र शक्तिशाली मधेश मधेशी जनता आफैँले निर्माण गर्ने दावी गरेका छन्। जनकपुरधाममा आयोजित बृहत पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले मधेश र मधेशीलाई पहिलेदेखि नै अधिकारबाट बञ्चित गर्ने प्रयास हुँदै आईरहेकाले अब मधेशी जनता आफैले समृद्ध मधेश र शक्तिशाली मधेश निर्माण गर्ने बताए।

'नेपालमा निर्वाचन क्षेत्र बाँडफाँड गरिदा मधेशसँग बेइमानी भएको हो र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र बनाइनुपर्ने थियो,' यादवले भने, 'म आफैं निर्वाचन लडेको सप्तरी ३ को जनसंख्या १ लाख १७ हजार बढी छ तर प्रतिनिधि एक जना मात्रै जबकि पहाडी भूभागमा १० हजार १२ हजारमा एक प्रतिनिधि छन्, के यो बेइमानी हो कि होइन ?' उनले यो षड्यन्त्र एमाले, कांग्रेस तथा माओवादीलगायतका दलहरुको रहेको बताए।

> *जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशलाई अधिकारविहीन बनाउने षड्यन्त्रको पर्दाफास गर्दै समृद्ध र शक्तिशाली मधेश मधेशी जनताकै हातबाट निर्माण हुने स्पष्ट सन्देश दिएका छन् । जनसंख्याको आधारमा निर्वाचन क्षेत्र नबनाइनु मधेशमाथिको बेइमानी भएको भन्दै उनले संविधान र संघीयताको रक्षा गर्दै संशोधनमार्फत मधेशको अधिकार सुनिश्चित गर्न आफूहरू दृढ संघर्षमा रहेको दाबी गरे ।*

'मधेश आन्दोलनकै बलमा मुलुकले नयाँ संविधान पायो, संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्यो जुन अहिले आएर प्राप्त उपलब्धि केही शक्ति संघीयता समाप्त पार्ने खेलमा लागेका छन्,' उनले भने, 'वर्तमान संविधान मधेश जनविद्रोहकै उपलब्धी हो, यो संविधानमा केही त्रुटीपूर्ण प्रावधानहरु मधेशकालागि खतरा रहेपनि यो संविधानको रक्षा गर्नुपर्छ यसकालागि संविधान संशोधन वा पुनर्लेखन हुनु पर्छ।' उनले आफूहरु वर्तमान संविधान तथा संघीयता संस्थागतकालागि संघर्षरत रहे पनि अहिले संघीयता नरुचाउने शक्तिहरु संघीयता र संविधान समाप्त पार्ने खेलमा लागेको आरोप लगाए।

अध्यक्ष यादवले भने, 'जनसंख्याको आधारमा निर्वाचन क्षेत्र भए मधेशले नै पूरै देश कब्जा गर्ने एमालेको धारणा रहेको छ भने कांग्रेस मधेशको मत लिएर सांसद बनाउने खेलमा मात्रै लागेको छ ।' रास्वपाप्रति इंगित गर्दै यादवले घण्टी पनि कांग्रेस कम्युनिष्ट पनि सोही लाइनमा रहेको आरोप लगाए।

## संजय चौधरीसहित दर्जनौँ जसपामा



राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति मोर्चा पार्टी परित्याग गरी दर्जनौँ नेता तथा कार्यकर्ता जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गरेका छन् । उनीहरूलाई जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सप्तरीबाट जनकपुरधाम आएर औपचारिक रूपमा पार्टी प्रवेश गराएका हुन्।

पार्टी प्रवेश गर्ने नेताहरूमा संजय कुमार चौधरी, संजय सिंह, कामेश्वर झा, बैद्यनाथ कुमार सिंह, विजय कुमार राम, नितु यादव, अशोक ठाकुर, राजाराम कापर, किशुन नायक, पुलक यादव, फुलो देवी पासवान, रामचन्द्र दास, बरतुन पासवान लगायत रहेका छन्।

यस्तै, जिल्ला उपाध्यक्ष तथा सदस्यको रूपमा शंकर कुमार पासवान, बिरेन्द्र पासवान, जीवन कुमार साह, चन्द्रिका मण्डल, प्रकाश ठाकुर, दिनेश साह, इन्द्रजीत दास र राजु कुमार चौधरीसमेत जसपा नेपालमा प्रवेश गरेका छन्।

जसपा नेपालमा प्रवेश गर्दै नेता चौधरीले मधेशका शक्तिहरु छिन्नभिन्न हुँदा मधेशको शक्ति पनि क्षिण हुँदै गएकाले अब एक भएर अगाडि बढ्नु आजको आवश्यक्ता रहेको बताए । उनले मधेश र संघियतालाई मजबुत बनाउनकालागि मधेशका शक्तिहरु एकठाउँमा आउनुपर्छ सोचका साथ जसपा नेपालमा प्रवेश गरेको बताए।

## प्रतिनिधिसभाकालागि अस्थायी मतदाता कायम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि धनुषामा २ हजार १ सय ८३ अस्थायी मतदाता कायम भएका छन् । प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशले प्रकाशन गरेको प्रारम्भिक अस्थायी मतदाता नामावली अनुसार धनुषाको विभिन्न कार्यालयमा कार्यरत रहेका २ हजार १ सय ८३ कर्मचारीको अस्थायी मतदाता नामावली सार्वजनिक भएको हो ।

प्रदेश निर्वाचन अधिकारी रोम बहादुर महतले सार्वजनिक गरेको प्रारम्भिक अस्थायी मतदाता नामावलीमा धनुषामा स्थानीय सरकार, प्रदेश सरकार, संघ सरकार, संस्थान र नेपाली सेनामा कार्यरत रहेकाहरुको नामावली सार्वजनिक गरिएको छ ।

प्रदेश निर्वाचन कार्यालयले सार्वजनिक गरेको अस्थायी मतदाता नामावलीमा नेपाली सेनामा कार्यरत रहेका ६४, संस्थान अन्तर्गत नेपाल विद्युत प्राधिकरण, खानेपानी संस्थान लगायतमा कार्यरत रहेका २ सय ४, स्थानीय तहमा धनुषाको १८ स्थानीय तहमा कार्यरत ९ सय ८९ जना कर्मचारी, प्रदेश सरकार मातहतको कार्यालयमा कार्यरत रहेका ४ सय ३ जना र संघ सरकारको मातहत रहेको कार्यालयमा कार्यरत रहेका ५ सय २३ जना कर्मचारीको नाम प्रारम्भिक अस्थायी मतदाता नामावलीमा प्रकाशन गरिएको छ ।

अस्थायी मतदाताहरुले फागुन २१ मा हुने निर्वाचन अन्तर्गत समानुपातिकतर्फ मतदान गर्न पाउने छन् । प्रदेश निर्वाचन अधिकारी महतका अनुसार प्रारम्भिक अस्थायी मतदाता नामावलीमा छुट भएका व्यक्तिहरुले नाम समावेश गर्ने तथा त्रुटि सच्याउन निवेदन पेश गर्न सक्नेछन् । अन्तिम अस्थायी मतदाता नामावलीमा नाम नभएका कर्मचारी तथा सुरक्षाकर्मीहरुले मतदान प्रक्रियामा भाग लिन नपाउने जनाइएको छ ।

## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यालय, गितमन्दिर रोड, वीरगंजको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रिको पुन: ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिहरुमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा विभिन्न मितिहरुमा मधेशदृष्टि राष्ट्रिय पत्रिकामा (लिलामी सूचना) १५ दिने तथा ७ दिने लिलाम सूचनाहरु प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन मिती २०८२/१०/२९ गते बिहिवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा (८ औं दिन बिदा परकोमा त्यसको लगतै बैंक खुलेको दिन)** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ।

### तपसिल

**१) ऋणीको नाम, ठेगाना**

**क)** प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिती २०६७ साल आश्विन महिना १९ गते रोज ३ मा नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यलय पर्सा वीरगंजमा दर्ता भै घ.तथा सा.उ.का.प्रा.फ.पर्सा.नं. ५०६७/०६७/६८, अन्तर्गत दर्ता कायम भएको तथा लखनपुर गा.वि.स ३, पर्सा कार्यालय रहेको श्री **आशा इटा उद्योग**।

**ख)** प्राईभेट फर्म रजिष्ट्रशन ऐन, २०१४ बमोजिम मिती २०६६ साल आश्विन महिना २७ गते रोज ३ मा नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै प्रा.फ.र.नं. २७१३१/०६६/६७, अन्तर्गत दर्ता कायम भएको तथा बीरगंज १३, रानिघाट, पर्सा कार्यालय रहेको श्री **साहु ट्रेडर्स**।

**ग)** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०८० साल बैशाख महिना १४ गते रोज ५ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. ४४६३१/०७९/८०, अन्तर्गत दर्ता कायम भएको तथा पोखरीया, फुलवरीया वडा नं. ०३, पर्सा कार्यालय रहेको **उषा पलाष्टिक सप्लायर्स**।

**कर्जाको प्रकार:- ब्यवसायीक अधिविकर्ष कर्जा, ब्यवसायीक आवधिक कर्जा, अल्पकालिन कर्जा, गाडि कर्जा, डिमान्ड कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) गोवर्धन सा कानुको नाती ढोडा सा कानुको छोरा जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने(ना. प्र. नं. ०९४६१९७४ ,जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) **५० बर्ष को श्री रामदयाल प्रसाद कानुको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २१९ को जम्मा क्षेत्रफल ०-८-१० को घरजग्गा।

ख) शिवसाह कानुको छोरी ,ढोडासाह कानुको बुहारी ,राम दयाल प्रसाद कानुको पत्नी ,जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१ ,जारी मिति २०६७-०३-०८, जि.प्र.का.,पर्सा) **वर्ष ५२ की सुशीला साहको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वीरगंज वडा नं १५ स्थित रहेको किता नं. २००, २२० को जम्मा क्षेत्रफल क्रमश: ००८०.८० र ००८८.५० व.मि.को घरजग्गा , जिल्ला पर्सा वनकटवा वडा नं. ५ स्थित रहेको किता नं. १११ , १०८, ६१६ र ७२ को जम्मा क्षेत्रफल क्रमश: ०-०-९-१२.५, ०-१-१७-८ , ०-७-११-८ र ०-१२-०-० को घरजग्गा र , जिल्ला पर्सा वनकटवा वडा नं ५ गा स्थित रहेको किता नं. ६९ को जम्मा क्षेत्रफल ०-४-६-८ को घरजग्गा ।

ग) नाम बिजाधर साहको नाती, गोवर्धन सा कानुको छोरा , जिल्ला पर्सा गा.वि.स बनकटवा वडा नं.०३, हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७ ,जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८२ को ढोडा सा कानको**नाममा दर्ता कायम रहेको पर्सा जिल्ला वनकटवा वडा नं ५ स्थित रहेको किता नं. २२७ र २२१ को जम्मा क्षेत्रफल क्रमश २८६८.३४ व.मि. र २२०१.०८ व.मि. को घरजग्गा।

घ) महिन्द्रा एण्ड गाडी महिन्द्रा स्वराज गाडि नम्बर **ना ७ त ३४३७** को च्यासिस नं. **MBNAN48AEKTB59285** र ईन्जिन नं. **391359/SAB01227** को ट्रेक्टर।

ङ) POWERTRAC 45 LM गाडी नम्बर **ना ७ त १४५२** को च्यासिस नं. **TO53404984FG** र ईन्जिन नं. **E3454980** को ट्रेक्टर।

च) EICHER गाडी नम्बर **ना ६ त ५६५२** को च्यासिस नं. **925813130681** र ईन्जिन नं. **S325H85294** को ट्रेक्टर।

छ) गाडी नम्बर **प्रदेश २ ०३ ००१ क ११३** को च्यासिस नं. **ECE07611EK023316** र ईन्जिन नं. **E4368TFE3501726** को **ESCORT XTREME BACKHOE LOADER .**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) ढोडा सा कानुको नाती, रामदयाल प्रसाद कानुको छोरा, जिल्ला पर्सा, पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७१–०३१२५, जारी मिति २०७१/०४/०६, जि.प्र.का.,पर्सा) **वर्ष २६ को धन्नजय कुमार कानु**।

ख) नाम बिजाधर साहको नाती गोवर्धन सा कानुको छोराजिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ०७९०१०१७, जारी मिति २०३६-१०-६, जि.प्र.का.पर्सा) **वर्ष ८० को ढोडा सा कानु**।

ग) नाम गोवर्धन सा कानुको बुहारी, ढोडा सा कानुको पत्नी, जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०६ बस्ने (ना.प्र.नं. ०७९०१०१८, जारी मिति २०३६/१०/०६, जि.प्र.का.पर्सा) **वर्ष ८४ की गोलीया देवी कनुइन**।

घ) रघुनाथ प्रसाद साह कानुको छोरी, राम दयाल प्रसाद कानुको बुहारी ,धनन्जय कुमार कानुको पत्नी जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ३४–०१–७६-११६४८, जारी मिति २०७६/११/०१, जि.प्र.का., पर्सा) **वर्ष ३५ की सुधा गुप्ता**।

ङ)शिवसाह कानुको छोरी, ढोडा साह कानुको बुहारी, राम दयाल प्रसाद कानुको पत्नी, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ ,हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना.प्र.नं. ५०४१, जारी मिति २०६७-०३-०८, जि.प्र.का, पर्सा) **वर्ष ५२ की सुशीला साह**।

च) ढोडा सा कानुको नातीनी, रामदयाल प्रसाद कानुको छोरी, जिल्ला पर्सा, पोखरीया नगरपालिका वडा नं. ०३, बस्ने (ना.प्र.न. ३४-०१-७८-०१३७०, जारी मिति २०७८/०४/१३ जि.प्र.का., पर्सा) बर्ष २१ को **उषा कुमारी**।

छ) गोवर्धन सा कानुको नाती, ढोडा सा कानुको छोरा, जिल्ला पर्सा गा.वि.स वसन्तपुर–४ हाल पोखरीया नगरपालिका वडा नं. ०३ बस्ने (ना. प्र. नं. ०९४६१९७४, जारी मिति २०५०/१२/१८, जि.प्र.का. पर्सा) ५० बर्ष को **रामदयाल प्रसाद कानु**।

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं. ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ माघ २८ गते बुधबार दिउँसो ४:०० बजे सम्म**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ माघ २९ गते बिहिबार दिउँसो ४:०० बजे देखि।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंजड्राईपोर्ट, श्रीसिया, बिरगंज बदननगर (बिरगंज), बरहथवा(सर्लाही) , बर्दिबास (महोतरी)।

# श्रमिकको परिवारलाई २० लाख बढी आर्थिक सहायता




**वीरगंज।**
सामाजिक सुरक्षा कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध नभएका श्रमिकको आश्रित परिवारलाई सम्बन्धित रोजगारदाताबाट २० लाख भन्दा बढी आर्थिक सहायता दिलाएको छ। वीरगंज स्थित एक टेक्सटाइलको व्यापार गर्ने कम्पनीमा कार्यरत श्रमिक रामानन्द साह कानुको निधनपछि परिवारलाई कोषले आश्रित परिवारले पाउनुपर्ने सबै सुविधाबापतको २० लाख ४३ हजार छ सय ४५ रुपैयाँ ८४ पैसा दिलाएको हो।

कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले बुधबार मृतकका श्रीमती उमादेवीलाई उक्त रकमबराबरको चेक हस्तान्तरण गरे। श्रमिक कानुनको २०७९ साउन २७ गते मृत्यु भएको थियो।

कानुको रोजगारदाता कम्पनी सामाजिक सुरक्षा कोषमा सूचीकृत नभएका कारण उनका परिवार सामाजिक सुरक्षाबाट वञ्चित भएको थियो। पीडित पक्षका तर्फबाट श्रीमती उमादेवीले २०७९ कात्तिक २५ गते आश्रित परिवार सुरक्षा सम्बन्धमा पाउनुपर्ने सबै सुविधा उपलब्ध गराइँ पाऊँ भनी निवेदन दिएकी थिइन्।

कोषले २०७९ मंसिर १५ गते उक्त विषयमा जानकारी गराउन रोजगारदातालाई पत्राचार गरेको थियो। रोजगारदाता र पीडितपक्षबीच मिलापत्र हुन नसकेपछि कोषले आश्रित परिवार सुविधाबापतको सुविधा दिन रोजगारदातालाई आदेश दिएको थियो। कोषको आदेश चित्त नबुझेपछि रोजगारदाताले उच्च अदालत पाटनमा पुनरावेदन गरेकामा २०८० चैत १२ गते उच्च अदालतबाट कोषको फैसला सदर भएको थियो।

उच्च अदालतको फैसलालाई लिएर रोजगारदाता सर्वोच्च पुगेपनि सर्वोच्चले कोषकै फैसलालाई सदर गरेको थियो। अदालती प्रक्रिया टुङ्गेपछि गत मंसिर २८ गते कोषले रोजगारदाताको बैंक खाता रोक्का राख्न नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेको थियो। सम्बन्धित रोजगारदाताका तर्फबाट आश्रित परिवारले पाउने रकम भुक्तानी गरेपश्चात उक्त खाता फुकुवा गरिएको कोषले जनाएको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ९ को उपदफा ४ मा कोषमा सूचीकरण नगर्ने, नगराउने वा योगदान रकम नबुझाउने रोजगारादतालाई बैंक तथा वित्तीय संस्थामा रहेको खाता रोक्का, सम्बन्धित व्यक्ति वा संस्थाको चलअचल सम्पत्ति रोक्का, प्रचलित कानुन बमोजिम पाउने छुट सहुलियत निलम्न गर्न वा रोक्का, अनुमतिपत्र वा इजाजतपत्र निलम्बन र राहदानी रोक्का गर्न सक्ने अधिकार कोषलाई दिएको छ।

ऐनकै दफा ९ को उपदफा ६ ले सूचीकृत रोजगारादताले योगदानबापतको रकम कोषमा जम्मा नगरेमा त्यस्तो अवधिपछि योगदान रकम कोषमा जम्मा नगरेको अवधिभित्र दुर्घटना वा मृत्यु भई श्रमिकलाई सुविधा उपलब्ध गराउनुपर्ने भएमा त्यस्तो सुविधा बराबरको रकम सम्बन्धित रोजगारादताले नै श्रमिकलाई उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ।

कार्यक्रममा कोषका कार्यकारी निर्देशक अधिकारीले रोजगारदताले कोषमा आबद्ध नगराइदिएको अवस्थामा श्रमिकको निधनपछि आश्रित परिवार सुविधाबाट वञ्चित हुन नदिन सुविधा दिलाउने अधिकार कोषलाई भएको बताए। 'जुनसुकै अवस्थामा पनि श्रमिकले सामाजिक सुरक्षाको हक पाउँछ', उनले भने,'रोजगारदाताले अबाद्ध गरेर नियमित योगदान गरे कोषले सुविधा दिन्छ, होइन भने रोजगारादताले नै उक्त सुविधा दिनुपर्छ।'

कोषका निर्देशक एवं कोष व्यवस्थापन महाशाखा प्रमुख रोहित रेग्मीले कोषमा आबद्ध नभएकै व्यक्तिको आश्रित परिवारले पनि सामाजिक सुरक्षा पाउन सफल भएको बताए। 'आजको दिनमा सामाजिक सुरक्षा कोषमा आबद्ध भए पनि÷नभए पनि सबै नागरिक सामाजिक सुरक्षा पाउनका लागि योग्य छन्', उनले भने, त्यसैको उदाहरण हुनुहुन्छ उमादेवी। कोषमा आबद्ध नभएका रामानन्दको निधन हुँदै गर्दा उहाँले जीवनभर पाउने पेन्सन हिसाब गरेर रोजगारदाताले नै सो रकम व्यहोर्नु परेको हो।

रामानन्दका श्रीमती उमादेवीले सामाजिक सुरक्षा कोषले आफूलाई न्याय दिएको बताइन्। 'आफूले श्रीमानको निधनपछि कोषबाट सुविधा पाउँछु भन्ने कल्पनै गरेको थिइनँ, आज आश्रित परिवास सुविधाबापतको रकम कोषले दिलायो', उनले भनिन्, 'पीडित भए पनि आज म निकै खुसी छु।'

सामाजिक सुरक्षा योजनामा आबद्ध नगराएको अवस्था मृत्यु भएका श्रमिकका ४० भन्दा बढी आश्रित परिवारलाई सुविधा दिन सफल भएको कोषले जनाएको छ। कोषमा नियमित योगदान गरिरहेका ८०० भन्दा बढी आश्रित परिवारले विभिन्न सुविधा पाइरहेका छन्।

कोषमा हालसम्म औपचारिक क्षेत्रका छ लाख ७३ हजार र वैदेशिक क्षेत्रका २१ लाख छ हजार गरी २७ लाख ८१ हजार बराबर योगदानकर्ता सूचीकृत भएका छन्। कोषले हालसम्म विभिन्न सुविधाबापत योगदानकर्तालाई १८ अर्ब ६३ करोड दाबी भुक्तानी गरिसकेको छ।रासस

# गणेश होटलमा युवक मृत अवस्थामा फेला

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज भन्सार क्षेत्र स्थित गणेश होटेलमा आज एक जना युवक झुण्डिएको अवस्थामा मृत फेला परेका छन्। मृतक भारतीय नागरिक भएको खुलेको छ।

प्रहरीले जानकारी गराए अनुसार पूर्व चम्पारण केशरीया विहारका २० बर्षिय साहिल कुमार रहेका छन।

घटनाको कारणबारे अनुसन्धान सुरु गरेको प्रहरीले जनाएको छ। स्थानीय महिला तथा बासिन्दाहरूले भने घटनाको पृष्ठभूमिमा सो क्षेत्रको बिग्रँदो सामाजिक वातावरण प्रमुख कारण हुनसक्ने बताएका छन्। उनीहरूका अनुसार भन्सार आसपासको क्षेत्रमा स्थानीय प्रशासनलाई नै चुनौती दिँदै खुलेका मसाज सेन्टर र स्पा सेन्टरहरू सञ्चालनमा छन्, जसका कारण सो क्षेत्र देहाव्यपारको अखडा बनेको छ।

युवकको मृत्युमा देहा व्यापार जोडिएको हुन सक्ने स्थानीयको आशंका छ।

# दूधमति नदीको उत्खनन

**जनकपुरधाम।**
एघार करोडको लागतमा ऐतिहासिक तथा धार्मिक महत्व बोकेको दूधमति नदीको उत्खनन तथा विकास निर्माणककार्य सुरु भएको छ। मधेश प्रदेश सरकारको ऊर्जा तथा सिँचाइ तथा खानेपानी मन्त्रालयको सहयोगमा सो नदीको उत्खनन तथा विकास निर्माण कार्य शुरु भएको हो।

मन्त्रालयका निमित्त सचिव रामकुमार खंगले सो नदीको पहिलो चरणमा धनुषाको महेन्द्रनगरदेखि महोत्तरीको मटिहानीसम्म २९ किलोमिटर नदी बहाव क्षेत्रमा कार्य हुने जानकारी दिए।

सो मन्त्रालयको दूधमति नदीको विकास कार्यक्रमअन्तर्गत उक्त नदीको सौन्दर्यकरण, घाट निर्माण र मर्मतसम्भार, बाँध निर्माण, सडक निर्माण तथा सिँचाइका सुविधा पु¥याउनेलगायतको कार्य हुने बताइएको छ।

उक्त नदी उत्खनन तथा विकासको ठेक्का वछालदेवी जेभी काठमाडौँले एक वर्षभित्र कार्य सम्पन्न गर्नेगरी ठेक्का पाएको मन्त्रालयले जनाएको छ। मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहको कार्यकालमा सो उत्खननका साथै अतिक्रमण हटाउने विषयमा बजेट विनियोजन भएको थियो।

साथै तत्कालीन प्रदेशका पूर्वऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवको विशेष पहल तथा सक्रियतामा बजेट विनियोजन भएको थियो। विभिन्न धार्मिकग्रन्थमा समेत पवित्र नदीको रुपमा वर्णन गरिएको यस नदीमा स्नान तथा पूजाआजाको लामो परम्परा रहिआएको छ।रासस

# पर्साको हरपुरमा अशोक टेमानीको घरदैलो अभियान



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक टेमानीको घरदैलो अभियान बुधबार पर्सागढी नगरपालिकाको वडा नं. ८ स्थित सम्पन्न भएको छ । घरदैलो अभियान अन्तर्गत वडा नं. ८ को हरपुर स्थित अगुवा कार्यकर्ता भेला सम्पन्न भएको हो । भेलामा जनता समाजवादी पार्टीसँग आबद्ध स्थानीय अगुवा कार्यकर्ताहरुले त्यस क्षेत्रको समस्याबारे जानकारी गराएका थिए ।

उनीहरुले पटक पटक नेताहरुलाई चुनाव जिताएका यस क्षेत्रका जनताहरुले यस पटक विकासप्रेमी, अनुभवी तथा शिक्षित व्यक्ति जसपाका उम्मेदवार अशोक टेमानीलाई अत्याधिक मतका साथ जिताउन आग्रह गरेका थिए । उनीहरुले विगतमा चुनाव जितेर गएका कुनैपनि पार्टीका नेताहरु अहिलेसम्म गाउँको समस्या बुझ्न नआएकोको गुनासो गर्दै कसैको प्रलोभन नपर्न सुझाव दिएका थिए । यस नगरपालिकाका जसपाका अगुवाहरु अन्य पार्टी प्रवेश गरेको हल्ला फैलाइएको भन्दै भ्रममा नपर्न मतदाताहरुलाई आग्रह गरेका थिए । पर्सा क्षेत्र नं. २ मा पर्ने पर्सागढी नगरपालिकाको विभिन्न वडा एवं टोलहरुमा जसपा पार्टीको बाहुल्यता रहेको दाबी गर्दै फागुन २१ गते हुने निर्वाचनमा जसपाप्रति अडिग रहन मतदाताहरुलाई आग्रह गरे । उनीहरुले यस क्षेत्रका सम्पूर्ण जनताहरुको समस्याबारे आफूहरुले सुन्दै आएको र समाधानको प्रयास पनि गर्दै आएकोले त्यही कार्यलाई निरन्तरता दिंदै आगामी दिनमा पनि यस पार्टीसँग आबद्ध नेता कार्यकर्ताहरुले जनताको सेवामा सदैव तयार रहने विश्वास व्यक्त गरेका थिए ।

आफ्नो पार्टीको बाहुल्यता रहेमात्रै विकास हुने भन्दै उनीहरुले जसपाका उम्मेदवार अशोक टेमानीलाई विना विचलित भई छाता छापमा मतदान गर्न आग्रह गरेका थिए । यस क्षेत्रमा जसपा अग्रपँक्तिमा रहेको दाबी गर्दै जसपाका अगुवा नेता कार्यकर्ताहरुले निर्वाचनको बखत विभिन्न प्रलोभन देखाउन आउने उम्मेदवारहरुबाट बच्न आग्रह गर्दै जसपाप्रति अडिग रहन भने ।

उनीहरुले भने, 'विगतका दिनका अन्य नेताहरु कमाउनका लागि भोट माग्न आए, तर यस पटक जनताको सेवाको लागि जसपाका उम्मेदवार अशोक टेमानी जनताको घरदैलोमा आएका छन्, उनलाई हामीले मौका दिनुपर्छ, अत्याधिक मतले जिताउनुपर्छ ।'

पैसा कमाउनका लागि नेताहरु निर्वाचन लड्छन्, जित्छन् पनि तर उनीहरु एक पटक पनि मुख देखाउन आउँदैनन्, तर आफ्नो सफल उद्योग व्यावसाय छाडेर जनताको सेवा गर्न आएका हाम्रो जनता समाजवादी पार्टीका उम्मेदवार शिक्षित, विभिन्न क्षेत्रको लामो अनुभवी टेमानीलाई अत्याधिक मतका साथ जिताउन अगुवा कार्यकर्ताहरुले मतदाताहरुसँग आग्रह गरेका थिए ।

साथै यस विकास भन्दा झठा भाषण गर्दै हिँड्ने नेताहरुबाट यस क्षेत्रको विकास सम्भव नरहेको भन्दै उनीहरुले विकासप्रेमी, अनुभवी, शिक्षित तथा समस्या जानेबुझेका जसपाका उम्मेदवार टेमानी नै विकासको बाटो रहेको दाबी गरे ।

भेलामा उठेको गुनासाहरुलाई सम्बोधन गर्दै उम्मेदवार अशोक टेमानीले यस क्षेत्रको समस्या सम्बन्धी आफू जानकार रहेको हुनाले समस्या सम्बोधनका लागि नीतिगत ठाउँमा पुग्न आवश्यक ठानेर नै जनताको घरदैलोमा आएको बताए । उनले विगतमा पनि आफूले जनताको सेवालाई निरन्तरता दिंदै आएको भन्दै अब नीतिगत ठाउँबाट जनताको समस्या सम्बोधनका लागि पहल गर्न निर्वाचनमा होमिएकोले जसपाको छाता छापमा मतदान गर्न आग्रह गरेका थिए ।

यसैगरि उम्मेदवार अशोक टेमानीले घरदैलो अभियान अन्तर्गत वीरगंज महानगरपालिका वडा नं. ६ अन्तर्गतका टोलहरुमा मतदाता भेटघाट गरेका छन् ।

वीरगंजको घण्टाघरदेखि माइस्थान, आदर्शनगर, अलखियामठ, लाठगल्ली, पानगल्ली लगायतका स्थानहरुमा स्थानीय मतदातासँग भेटघाट गरेका हुन् । सो बखत मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत गद्दी, प्रदेशसभा सदस्य रमेश पटेल, वडा नं. २५ का वडाध्यक्ष आशुतोष चतुर्वेदी लगायतको सहभागिता रहेको थियो ।

# ओमप्रकाश सरार्फको घरदैलो, युवालाई रोजगारी र महिलालाई आयआर्जनमा जोड्ने प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर–१ अन्तर्गत जनमत पार्टीका उम्मेदवार ओमप्रकाश सरार्फले वीरगंज महानगरपालिका वडा नम्बर १५ लक्ष्मनवा र वडा नम्बर ८ पानी व्याङ्की क्षेत्रमा भेटघाट, संवाद तथा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै सरार्फले आफ्नो चुनावी एजेन्डा र योजनाबारे जानकारी गराएका थिए ।

कार्यक्रमका क्रममा उनले वीरगंज औद्योगिक नगरीका रूपमा परिचित भएपनि यहाँका स्थानीय युवाहरू बेरोजगारीको मारमा परेको उल्लेख गरे । रोजिरोटीका लागि बाध्य भएर विदेश वा बाहिरिनुपर्ने अवस्थाको अन्त्य गर्न आफू स्पष्ट कार्ययोजना (क्लियर रोड म्याप) लिएर चुनावी मैदानमा आएको उनले बताए । 'युवालाई सीपमूलक तालिम, रोजगारीका अवसर र स्वरोजगारीसँग जोड्ने ठोस कार्यक्रम ल्याउनेछु,' उनले भने, 'महिलाहरूलाई पनि आयआर्जनका कार्यक्रममार्फत आर्थिक रूपमा सशक्त बनाइनेछ ।'

सरार्फले देश र मधेसको निकासका लागि जनमत पार्टी र डा. सिके राउतसँग मात्रै स्पष्ट दृष्टिकोण र उत्कृष्ट भिजन रहेको दाबी गर्दै मतदातालाई हर्न (घण्टी) छापमा मतदान गर्न अपिल गरे । स्थानीय समस्याको पहिचान, समाधानमुखी कार्यक्रम र जनताको प्रत्यक्ष सहभागितामा विकास गर्ने प्रतिबद्धता उनले दोहोऱ्याए ।

भेटघाट कार्यक्रममा पार्टीका विभिन्न नेता तथा कार्यकर्ताहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा बिध्या गुप्ता, रम्भा मिश्रा, श्याम गुप्ता, राजनारायण मिश्रा, भुपेन्द्र साह, डा. मनोज कुमार, सिए देवराज, महादेव शर्मा, निराजन कुशवाहा, हिरालाल राम, डा. मोहमद राजा, रामजी रौनियार, सहनवाज राकी, अजित सिंह, मन्जय शर्मा, सुमित सिंह, अञ्जना गुप्ता, सत्युग साह लगायतको उपस्थिति रहेको जनाइएको छ ।

स्थानीयले पनि आफ्ना समस्या, अपेक्षा र सुझावहरू राख्दै उम्मेदवारसँग प्रत्यक्ष संवाद गरेका थिए । जनमत पार्टीले घरदैलो र संवाद कार्यक्रमलाई निरन्तरता दिँदै जनतासम्म आफ्ना योजना पु¥याउने जनाएको छ ।

# प्रदीप यादवलाई जिताउन युवाहरुद्धारा प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर १ का जेनजी युवा र विधार्थीहरुले नेकपा एमालेका उम्मेदवार प्रदीप यादवलाई जिताउन एकजुट भएर लाग्ने सामुहिक प्रतिबद्धता जनाएका छन् । वीरगंजमा बुधबार साँझ भएको अनौपचारिक कार्यक्रममा सहभागी पर्सा क्षेत्र नम्बर १ का विभिन्न वडाका युवा र विद्यार्थीहरुले एमाले उम्मेदवार यादवलाई समर्थन जनाउँदै फागुन २१ को निर्वाचनमा जिताउन दिलोज्यानले लाग्ने भन्दै सामुहिक प्रतिबद्धता जनाएका हुन् ।

एमाले उम्मेदवार यादवसंगै वीरगंज महानगरका मेयर राजेशमान सिंहसमेत सहभागि उक्त कार्यक्रममा सहभागी युवाहरूले यादवलाई जनताको नेता भएको भन्दै विगतमा जनहितमा गरेको कामको प्रशंसा गरे । उनिहरुले चुनावका बेला देखिने मौसमी नेता नभई अहिले एमालेका उम्मेदवार यादव हरेक दुखसुख र विपतमा जनताको माझमा रहने नेता भएकाले आँफुहरुले समर्थन जनाएको बताए ।

छलफलमा सहभागी युवा किरण गुप्ताले आफ्नो गाउँमा भएको सडक निर्माण यादवकै पहलमा भएको स्मरण गराउँदै उनलाई विकासमुखी नेता रूपमा चित्रण गरे । 'हामीले हाम्रो मत र समर्थनले उहाँलाइ फेरि पर्सा–१ बाट प्रतिनिधिसभा सदस्य बनाउने प्रतिबद्धता गरेका छौँ,' उनले भने ।

कार्यक्रममा बोल्दै पूर्व मन्त्री समेत रहेका यादवले आफू चुनावको मौसमी नेता नभई जनताको सुख, दुख र विपद्मा सधैँ बिचमा रहने नेता भएको बताए । उनले विगतमा गरेका कामहरूले आफ्नो दाबीलाई प्रमाणित गरेको उल्लेख गर्दै, खानेपानीको अभाव, हैजा र कोरोना महामारीको समयमा जनताको सहयोगमा निरन्तर काम गरेको स्मरण गराए ।

यादवले युवाहरूको सशक्तीकरण, रोजगारी सिर्जना र शिक्षा क्षेत्रमा सुधार ल्याउन निरन्तर काम गर्दै आएको बताए । उनले भने, 'मेरो उद्देश्य केवल निर्वाचन जित्नु होइन, तर पर्साको समग्र विकास र जनताको भलाइ सुनिश्चित गर्नु हो । युवाहरू हाम्रो समाजको भविष्य हुन्, त्यसैले उनीहरूको आवाजलाई सधैँ प्राथमिकतामा राख्नेछु ।'

कार्यक्रममा वीरगंज–५ का वडाध्यक्ष प्रदीप चौरसिया, एमालेका अग्रज नेताहरु समेतको सहभागिता रहेको थियो ।

# पर्सा–३ मा एमालेको चुनावी सक्रियता तीव्र, शनिबार बृहत कार्यकर्ता भेटघाट



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा पर्सा निर्वाचन क्षेत्र नम्बर–३ मा नेकपा एमालेले आफ्नो संगठनात्मक गतिविधिलाई तीव्रता दिएको छ ।

फागुन २१ गते हुने निर्वाचनलाई केन्द्रित गर्दै एमालेले आउँदो शनिबार पटेर्वा सुगौली गाउँपालिकास्थित श्री बनसपति गाद्दीमाई मन्दिर परिसरमा बृहत कार्यकर्ता भेटघाट कार्यक्रम तय गरेको छ ।

उक्त कार्यक्रममा नेकपा एमाले केन्द्रीय कमिटीका उपमहासचिव तथा पूर्वमन्त्री योगेश भट्टराई प्रमुख अतिथिका रूपमा सहभागी हुने कार्यक्रम रहेको छ । भट्टराई एमालेका तर्फबाट पर्सा–३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रुपेश पाण्डेको चुनावी अभियानलाई थप सशक्त बनाउन पर्सा आउने जनाइएको छ ।

आयोजकका अनुसार यस कार्यक्रमलाई पर्सा–३ मा एमालेको चुनावी अभियानको महत्वपूर्ण मोडका रूपमा लिइएको छ । कार्यक्रममार्फत संगठन सुदृढीकरण, कार्यकर्ताबीच समन्वय र एकता अभिवृद्धि गर्ने तथा निर्वाचन अभियानलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखिएको छ ।

यस अवसरमा घरदैलो अभियानलाई थप आक्रामक बनाउने रणनीति, विपक्षीहरूले फैलाएको भ्रमलाई चिर्ने उपाय तथा चुनावी रणनीतिबारे विस्तृत छलफल गरिने जानकारी आयोजकहरूले दिएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै उपमहासचिव भट्टराईले देशको स्थायित्व, विकास र समृद्धिका लागि एमालेको विजय अपरिहार्य रहेको सन्देश दिने तयारी रहेको छ ।

साथै पर्सा–३ लाई पार्टीको बलियो आधार क्षेत्रका रूपमा स्थापित गर्न कार्यकर्तालाई स्पष्ट कार्यदिशा र चुनावी मार्गदर्शन प्रदान गरिने बताइएको छ ।

उक्त कार्यक्रममा केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय तहका नेता–कार्यकर्ता, जनप्रतिनिधि र संगठनका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको छ । एमाले नेतृत्वले कार्यकर्ताको उत्साहजनक उपस्थितिले पर्सा–३ को चुनावी माहोल अझ तातिने विश्वास व्यक्त गरेको छ ।

यस कार्यक्रमलाई आगामी निर्वाचनका लागि एमालेको शक्ति प्रदर्शन र एकताबद्ध अभियानको घोषणाका रूपमा समेत हेरिएको छ ।

# शान्ति सुरक्षाप्रति संबेदनशील एस.पी. रिजाल



**राकेश यादव**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सिताराम रिजालले शान्ति सुरक्षाको विषयमा गम्भीर भएर कार्य गर्ने बताएका छन् । उनले व्यवसायिक प्रहरी सेवाको अनुभूति गराउने समेत दावी गरे । प्रहरी उपरीक्षक रबिन कार्कीको सरुवापछि जिम्मेवारी सम्भालेका प्रहरी उपरीक्षक रिजालले बुधवार जिल्ला प्रहरी कार्यालयमा परिचयात्मक तथा भेटघाट कार्यक्रम आयोजना गरि रौतहट जिल्ला खुल्ला सिमा नाकासँग जोडिएको जिल्ला रहेकोले सुरक्षा चुनौती बढी भएको बताए ।

नेपाल प्रहरी नेपाली नागरिक संघ प्रत्यक्ष सरोकार राख्ने भएकोले शान्ति सुरक्षा कायम गर्ने सवालमा सहकार्य र समन्वय आवश्यक रहेको जोड दिए । प्रहरी उपरीक्षक रिजालले निर्वाचनको समय भएकोले सुरक्षाको जोखिम बढी भएको भन्दै सतर्कता अपनाउदै आम नागरिकको सुरक्षा कायम गर्ने कार्यलाई निरन्तरता दिने जनाए । चुनावमा विभिन्न किसिमका बादविवाद उत्पन्न हुनुको साथै अपराधिक गतिविधि हुन् सक्ने भएकोले सुक्ष्म रुपमा अवलोकन अनुगमन गर्दै निस्पक्ष र भयरहित बातावरण बनाउने तर्फ ध्यान केन्द्रित रहेको उल्लेख गरे । खुल्ला सिमा नाका भएको कारण निर्वाचनमा अपराधिक गतिबिधि बढ्न सक्ने प्रहरीको आशंका छ । निर्वाचनको समयमा आम नागरिक, उम्मेदवार, सञ्चारकर्मी समेतलाई सुरक्षाको थ्रेट रहेको विश्लेषण गर्दै संबेदनशील बिषयमा जिल्लाको सुरक्षा निकाय पूर्ण रुपमा गम्भीर भएको बताए ।

सञ्चारकर्मीहरुले उठाएका शान्ति सुरक्षा, मुद्दा दर्ता, अवैध मदिरा विक्री वितरण उत्पादन, ट्राफिक व्यवस्थापनका विषयमा सम्वोधन गर्दै प्रहरी उपरीक्षक रिजालले जनताको भावना विपरित कानुन बाहेक कुनै कार्य नगर्ने विस्वास व्यक्त गरे । उनले भने निस्पक्ष रुपमा न्याय सम्पादनको कार्य गर्नेछौ । प्रहरीले संबेदनशील मतदान स्थलमा सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाएर भयरहित बातावरणमा मतदान गराउने प्रतिबद्धता व्यक्त गरे । जिल्लामा बढ्दै गएको सवारी दुर्घटना न्यूनीकरण, अस्लिल भोजपुरी गीत, चर्को आवाजमा बजाउने डिजे साउण्ड माथि प्रतिबन्ध लगाउने प्रयास समेत गर्ने जनाए ।

# चारै निर्वाचन क्षेत्रमा नेपाली सेना परिचालन



**रौतहट ।**
रौतहट जिल्लाको ४ वटै निर्वाचन क्षेत्रमा नेपाली सेना परिचालन गरिएको छ । निर्वाचनलाई शान्तिपूर्ण बातावरणमा सम्पन्न गराउने उदेश्यले देश भरि नै बुधवारदेखि नेपाली सेना परिचालन भएसँगै रौतहटमा पनि सेनानीको कमाण्डमा सेना परिचालन गरिएको हो ।

रौतहट जिल्लाको पुरेनवामा रहेको नारायण दल गणका गणपति विश्वास बिस्टले रौतहटका चारै निर्वाचन क्षेत्रमा नेपाली सेना परिचालन गरिएको जानकारी दिए । निर्वाचनमा कुनै किसिमको अवाञ्छित गतिविधि नहोस् भन्ने उद्देश्यका साथ नेपाली सेना परिचालन गरिएको हो । संयुक्त सुरक्षा गस्ती समेत ठाउ ठाउँमा गर्ने कार्य भई रहेको छ ।

रौतहटमा २७७ मतदान स्थल रहेकोले मतदान स्थलको सुरक्षा, मतदातालाई शान्तिपूर्ण बातावरणमा मतदान गर्न सकिने बातावरण सृजना गर्ने लक्ष्य नेपाली सेनाको प्रमुख जिम्मेवारी पनि रहेको गणपति बिस्टले भने अवस्था नाजुक भएको देखिएमा सुरक्षा निकायले दिएको जिम्मेवारी अनुसार कार्य गर्ने बताए ।

# केँवट एमाले परित्याग गरि रास्वपामा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले जगरनाथपुर गाउँपालिका कमिटीका सचिव मनोज कुमार केँवट एमाले परित्याग गरि राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गर्नु भएको छ ।

केंवटको नेतृत्वमा स्थानीय अगुवा सन्तोष केवट सहित जगरनाथपुर र सो आसपास क्षेत्रका ३५० जना भन्दा बढि कार्यकर्ता रास्वपामा प्रवेश गरेका रास्वपा पर्सा निर्वाचन क्षेत्र नं. ४ ले जनाएको छ ।

नवप्रवेशीहरूलाई रास्वपा पर्सा निर्वाचन क्षेत्र नं. ४ का उम्मेदवार टेकबहादुर शाक्य (अन्जान) ले स्वागत तथा सम्मान गरेका थिए ।

सो अवसरमा नेता शाक्यले हिजो जुनसुकै पार्टी र आश्थामा रहेको भएता पनि अव आफ्नो क्षेत्रको विकास र अग्रगतिका लागि परिवर्तनको बाटो रोज्दै एक ढिक्का भएर, घण्टीमा मतदान गर्न आग्रह गरेका थिए ।

सम्पादकीय

# मधेशको नयाँ खोज र पुरानै अनुहारको उल्झन

मधेशमा यतिबेला निर्वाचनको रौनकसँगै 'नयाँ नेतृत्व' को बहस पनि तातिएको छ। ५८ जना उम्मेदवार जेन्जी पुस्ताका छन् भनिए पनि मधेशका ३२ सिटमध्ये एकजनासमेत स्पष्ट रूपमा जेन्जी अनुहार नदेखिनु विश्लेषणको विषय बनेको छ। देशमा परिवर्तनको हड्डी–छाला बोल्ने पुस्ता सक्रिय छ, तर मधेशको यथार्थमा त्यही ऊर्जा औपचारिक राजनीतिक संरचनामा प्रतिबिम्बित हुन नसक्नु कथंकदाचित् यथास्थितिको तागत हो। यिनै प्रश्नबीच नेपाली कांग्रेसका सभापति गगन थापा मधेश झर्दा, पुरानै संरचनाले नयाँको प्रतिनिधित्व गर्न सक्छ कि भन्ने शंका अझ चर्किएको छ।

मधेशमा नयाँ पुस्ताको उपस्थिति कमजोर हुनु केवल दलहरूको इच्छाशक्तिको अभाव मात्र होइन, राजनीतिक संस्कृतिको पनि परिणाम हो। मधेशका दलहरू आन्तरिक लोकतन्त्र, पारदर्शिता र उत्तराधिकार प्रणालीमा कमजोर रहे। उमेरले होइन, सोचले नयाँ हुने अपेक्षा रहे पनि, दलहरूको टिकट वितरणमा पुरानै अनुहारको वर्चस्व कायम रहँदा 'नयाँ चाहना' स्लोगनमै सीमित भएको छ। मधेशमै अनेक ठाउँमा युवाको असन्तुष्टि सुनिन्छ, 'हामीलाई मत त चाहिन्छ, तर नेतृत्व दिन चाहिँ किन डराउँछौ?' यो प्रश्न दलहरूका दायराभित्र प्रतिध्वनित हुन सकेन।

यता, गगन थापा कैयौं युवाका लागि परिवर्तनको प्रतीक हुन्। तर आज उनले मधेशमा पुरानै शैली र पुरानै नेताहरूसँगै उत्रँदा, 'पुराना अनुहारलाई नयाँ आवरण' दिने प्रयास भन्ने आलोचना उठ्नु स्वाभाविक हो। राजनीतिक अभियानमा केवल उपस्थिति परिवर्तन होइन, स्थानीय सामाजिक संरचनामा नयाँ सोच प्रवेश गराउनुपर्ने अपेक्षा हुन्छ। मधेशका स्थानीय शक्ति समीकरण, जातीय–सामाजिक दबाब र टिकट बाँडफाँडका पुरानै अभ्यासको कारण कांग्रेसले पनि यथार्थभन्दा ठूलो जोखिम लिन सकेको देखिँदैन।

यद्यपि पुराना नेताप्रतिको अविश्वासलाई पूर्ण सत्य मान्न पनि मिल्दैन। मधेशमा जनताले विगतका नेताका कमजोरी, सफलतासँगै, क्षमता पनि बुझेका छन्। तर जनभावना अब 'पुरानै व्यक्तिमा नयाँ आशा लगाइरहनुपर्ने बाध्यता' भन्दा फराकिलो दायरामा उभिएको छ। जनता परिवर्तन चाहन्छन्, दृश्यमा मात्र होइन, व्यवहार, नीति, प्राथमिकता र जवाफदेहितामा। पुराना नेताले जनताको यही चाहनालाई आत्मसात् गर्न सके भने विश्वासको पुनर्निर्माण असम्भव होइन।

अन्ततः मधेशको निर्वाचन केवल व्यक्तिको प्रतिस्पर्धा होइन, राजनीतिक संस्कृतिको परीक्षण पनि हो। नयाँ नारा लगाएर पुरानै अनुहार पठाउने प्रचलन त्यत्तिकै टिक्ने छैन। यदि दलहरूले मधेशको आकांक्षा सुन्न चाहन्छन् भने, नयाँ पुस्ताको मार्ग खोल्नैपर्छ, र पुराना नेताहरूले आफूलाई नयाँ विचारसँग मिलाएर पुनर्परिभाषित गर्नैपर्छ। नभए, 'परिवर्तन' को हरेक चुनावी भाषण जनताको कानमा झनझन् खोक्रो सुनिएर जानेछ।

# चुनावमा मिथ्या सूचनाको बाढी र यसको व्यवस्थापन



एकराज पाठक

यतिखेर झापाको निर्वाचन क्षेत्र नं ५ मा 'कन्टेन्ट क्रियटर', एवम् सामाजिक सञ्जालमा सक्रिय व्यक्ति र युट्युबहरूको ओइरो लागेको देखिन्छ। सो क्षेत्रमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन्द्र साह उम्मेदवार हुनुहुन्छ। उक्त क्षेत्रमा अड्डा जमाएर बसेका यी मिडियाकर्मीले अनेकथरि पृष्ठभूमि बाधेर प्रश्न गर्छन् तर निर्वाचनमा तपाईं कसलाई भोट दिनुहुन्छ भनेर सोध्न भने छुटाउँदैनन्।

आफूले मत कसलाई दिँदैछु भन्ने प्रश्नको जवाफ दिन मतदाता बाध्य त छैनन्, तर प्रश्नको वर्षा यसरी हुन्छ कि त्यसको जवाफबाट सर्वसाधारण मतदाता उम्किनै सकिरहेका छैनन्। पार्टी र व्यक्तिको पक्षधरता लिएर काम गरिरहेका उनीहरूले आफ्नो पक्षकै जवाफ चाहेका हुन्छन्। सबैबाट यस्तो जवाफ आएन भने त्यस्तै मतदाता खोज्छन् र चाहेको जवाफ आएपछि अनि त्यसको प्रचारप्रसार गर्छन्। यतिगर्दा पनि मतदाताबाट जवाफ आएन भने एआईबाटै सबैकुरा सिर्जना गरेर प्रचारमा ल्याउँछन्।

प्रतिनिधिसभाको यही फागुन २१ गते हुने मतदानको समय नजिकिँदै गर्दा यसप्रकारका प्रचार र सामाजिक सञ्जालले सक्रियता बढाएका छन्। केही दिनयतादेखि जारी यस्ता गतिविधि सर्लाही र चितवन जिल्लामा पनि देखिन थालेका छन्। चितवनमा रास्वपाका सभापति रवि लामिछाने र सर्लाहीमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाका क्षेत्रमा पनि यसैगरी मतदाताबाट जबर्जस्ती मत सर्वेक्षण गराएर आफू अनुकूलको प्रचार गराइएको छ।

निर्वाचनका समयमा हुने यो कार्य आचारसंहिताविपरीत हो। मतदान नागरिकको गोपनीय अधिकार हो। उसले मत दिने अधिकार राख्दछ तर आफूले कसलाई मत दिन्छु या दिएँ भन्ने कुरा सार्वजनिक रुपमै व्यक्त गर्न ऊ बाध्य छैन। यसप्रकारको बाध्यता सिर्जना गर्नु नागरिक अधिकारविपरीत छ। तर, यस्तै मतका आधारमा भिडियो निर्माण गर्ने अनि नागरिकले कसलाई मत दिँदैछन् भन्ने कुराको दुष्प्रचार गर्ने गरिएको छ। यो अचारसंहिताको उल्लङ्घन त हो नै, मिथ्या र भ्रमपूर्ण सूचना पनि हो।

निर्वाचन जति नजिकिँदै गयो त्यति नै मिथ्या एवम् गलत सूचनाको बाढीले नागरिकलाई प्रभावित पार्न थालेको छ। तर, नागरिक भने आफूहरू बाढी प्रभावित भएको थाहा पाउन सकिरहेका छैनन्। किनभने उनीहरूले मिथ्या सूचनालाई नै सूचनाका रूपमा ग्रहण गरिरहेका छन्। यसले गर्दा अवस्था यस्तो देखिँदैछ कि भोलि सही एवम् सत्य सूचना बाहिर आउँदा पनि खण्डनका रूपमा सार्वजनिक हुने खतरा छ। यसले समग्र सूचना प्रणालीकै 'इकोसिस्टम'मा अवरोध उत्पन्न गरिरहेको छ।

निर्वाचन नजिकिँदै गर्दा दल र उम्मेदवारहरूका प्रचारको गति थप द्रुत बन्दैछ। प्रायः सबैले प्रचारमा सामाजिक सञ्जाल नै प्रयोग गरेका छन् तर त्यहाँ प्रचारभन्दा बढी दुष्प्रचार फैलिँदो छ। यसमा खासगरी पछिल्लो समय उम्मेदवार हुन् या तिनका सहयोगी कार्यकर्ताहरूले एआईकै प्रयोग व्यापक बनाएका छन्। तर त्यसको प्रयोगभन्दा बढी दुरुपयोग नै भइरहेको छ। यसरी हेर्दा लाग्छ मिथ्या सूचनाको प्रवाह मिनेटमिनेटमै फैलिएको छ। यस्ता सूचनाको प्रवाह नियन्त्रणबाहिर जाँदैगर्दा यता सर्वसाधारण नागरिक भ्रममा परिरहेका छन्।

निर्वाचन आयोगले आसन्न निर्वाचनलाई मध्यनजर गर्दै आचारसंहिता जारी गरेको छ। आचारसंहितामा मिथ्या सूचना रोक्ने प्रयास पनि छ। तर पनि आयोगको यो कार्यका लागि आवश्यक हुने रणनीति, प्रविधिका तुलनामा आयोगको कारबाही प्रक्रिया जटिल र चुनौतीपूर्ण देखिएको छ। आचारसंहितामा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत आयोगले मिथ्या सूचनाका बारेमा स्पष्टसँग व्यवस्था गरेको छ। सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने व्यवस्था यसमा गरिएको छ।

त्यसैगरी निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा झुठ साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने व्यवस्था सो आचारसंहितामा उल्लेख छ। सामाजिक सञ्जालमा एआईको प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुनेलगायतका व्यवस्था आचारसंहितामा स्पष्ट व्यवस्था छ।

तर पनि अहिले सञ्जालहरूमा यस्ता सामग्री ठूलो परिमाणमा फैलँदै गएकाले यसको नियन्त्रण आयोगका लागि चुनौती बनेको छ। खासगरी एआईको माध्यमबाट आफ्नो प्रचार गर्न, विपक्षीहरुको गलत प्रचार गर्न या विरोधीलाई तल पार्न डिजिटल प्रचार प्रविधिको दुरुपयोग गरिएको छ।

कतिपय अवस्थामा राजनीतिक व्यक्तिहरू एवम् पार्टीका नेताले नै मिथ्या सूचनाको प्रचार गरिरहेका हुन्छन्। यसबाट सामान्य मानिसहरूलाई निकै दुविधा सिर्जना गरिदिएको छ र मिथ्या सूचनाको यो बाढीले सत्य सूचनालाई पछि पारिदिएको छ। यस्तो गलत प्रचारले सत्य सूचना छायाँमा परेको मात्र नभएर उम्मेदवारका खास एजेण्डा नै बाहिर आउन पाएको छैन।

चुनावमा होमिएका उम्मेदवारका वास्तविक एजेण्डा र नागरिकप्रति उनीहरूका उत्तरदायित्व एवम् प्रतिबद्धताहरू आउन सकिरहेको छैन। प्रचारको शैली र तौरतरिका यसरी अघि बढेको छ कि यसले सत्य सूचनामै नागरिकको विश्वास नहुनेअर्थात् सही सूचनालाई नागरिकले यो गलत त होइन भनेर दुई पटक सोच्नुपर्ने अवस्था आउन सक्दछ।

इन्टरनेट र स्मार्टफोनको पहुँच अहिले सहजै उपलब्ध छ। तिनै स्मार्टफोन बोक्ने नागरिक सामाजिक सञ्जालमा बढी सक्रिय देखिन्छन्। यस्तो अवस्थामा डिजिटल ज्ञान भएको जोकोहीले पनि हातहातको फोनबाटै मिथ्या सूचना उत्पादन र प्रचार गर्न सक्दछन्। सरकारले सामाजिक सञ्जालको सीमालाई साँघुरो बनाउन सक्दैन यसैका कारण सामाजिक सञ्जालको सीमाविहीन दुनियाँ यस्ता मिथ्या सूचनाको वाहक बन्दै गएका छन्। अनि कसले, कहाँबाट र कसरी यस्ता कुसूचना उत्पादन र वितरण गरिरहेको छ भन्ने कुराको पहिचान गर्न प्रविधिलाई नै गाह्रो पर्ने अवस्था आएको छ।

अघिपछि पनि प्रायः देखापर्ने मिथ्या सूचना चुनावका बेला झन बढी देखिन्छन्। निर्वाचन आचारसंहिता यो बाढी रोक्ने एक अचुक अस्त्र हो। यसको उल्लङ्घनमा हुने कडा कारबाहीले पनि यस्तो बाढी रोकावटको काम गर्दछ। आखिर मिथ्या सूचनाको स्रोत धेरैजसो राजनीतिक दल र उनीहरूसँग आबद्ध नेता तथा कार्यकर्ता नै हुन्। यसमा कुनै दल, पक्ष विपक्ष भन्ने देखिँदैन। एउटाले गरेपछि प्रायः अरुले यसलाई पछयाउन थाल्दछ र त्यही विधि र प्रविधि सिकिहाल्छन्। पक्षधरता बोकेका सञ्चारमाध्यम यस्ता सूचनाका अर्का स्रोत हुन्।

यस्ता मिथ्या कन्टेन्ट, फोटो, भिडियो सामग्री आदि वास्तविकजस्तै लाग्छ। सामान्य प्रयोगकर्तालाई ती सामग्री सही हुन् या गलत भनेर छुट्याउनै गाह्रो पर्ने गरेको छ। यसको सही या गलत भनेर परीक्षण गर्ने सीप सबै सर्वसाधारण नागरिकसँग हुने कुरा पनि भएन। यसैले नागरिकलाई प्रभावित पर्ने खतरा बढाएको छ। यस्तो अवस्था चुनाव जति नजिकिँदै छ, त्यति नै बढ्दै छ।

समस्या कहाँनेर छ भने अहिलेको समयमा इन्टरनेट तथा सामाजिक सञ्जाललाई अवज्ञा गरेर अघि बढ्न सक्ने अवस्था छैन र नत अहिलेकै अवस्थालाई स्वीकार गर्न सकिने स्थिति छ। सामाजिक सञ्जालमाथिको नियन्त्रण नागरिकको सूचना तथा अभिव्यक्तिको स्वतन्त्रताको विषयसँग जोडिएर आउँछ। तर यो अधिकारलाई निरपेक्ष नभई यसको प्रयोगका सीमा कोर्न सकिने सहज कानुनको आवश्यकता छ। वर्तमानको अध्ययन गर्दा गलत एवम् मिथ्या सूचनाको कुरियर सामाजिक सञ्जालहरु नै बढी देखिएकाले तिनको सीमा र नियमनका बारेमा वैधानिक आधारहरु तय गरेर बहस थाल्नुपर्ने नितान्त आवश्यकता छ। तर पनि यी कार्यलाई कानुनी दायरामा ल्याउन नसकिएको अवस्था भने होइन। निर्वाचन आयोगले चुनावमा मिथ्या सूचना फैलाउनेलाई कारबाहीको दायरामा ल्याउने विषयलाई आचारसंहितामै समेटेको छ। सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्नेलाई रु एक लाखसम्म जरिवाना गराउन सकिने व्यवस्था आचारसंहितामा पनि छ।

त्यस्तै, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २२ मा निर्वाचनका बेला उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले राजनीतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचारप्रसार गर्दा÷गराउँदा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने काम गरे रु दुई लाखसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ।

आयोगले चुनावका बेलामा यस्ता सूचनाको नियन्त्रणका लागि अनुगमन र नियमन गर्ने गर्दछ। यसका लागि आमनागरिक एवम् उम्मेदवारलाई आचारसंहिताको उल्लङ्घन गरेमा मौखिक, लिखित तथा विद्युतीय माध्यमबाट उजुरी दिन सक्ने व्यवस्था पनि छ। यसअनुसार परेका उजुरीमाथि कारबाही भएका समाचार पनि सार्वजनिक हुने गरेकै छन्। तर पनि यो बाढी रोकिनुको सट्टा अझ बढी परिस्कृत स्वरुपमा आधुनिक प्रविधि एवम् विधिहरुको प्रयोगमा उत्रिएको छ। मिथ्या र भ्रमपूर्ण सूचना फैलाउने कारखाना दिन प्रतिदिन होइन कि मिनेट मिनेटमै फैलँदैछ। रासस

# विश्व क्यान्सर दिवसः समयमै पहिचान र उपचार नै जीवन रक्षा

दिपक चन्द

झापाको बिर्तामोड–४ की सावित्री राजवंशीको ५६ वर्षको उमेरमा स्तन (ब्रेस्ट) क्यान्सरका कारण निधन भयो। क्यान्सर लागेको थाहा पाउँदा उहाँको रोग चौथो स्टेजमा पुगेको थियो। अस्पतालमा जाँच गर्दा ढिलो भइसकेको भन्दै चिकित्सकले उपचार सुरु गरे पनि चार वर्षसम्म निरन्तर उपचाररत रहँदै उहाँले संसार त्याग्नुभयो। परिवारले सक्दो प्रयास र सहयोग गरे पनि समयमै रोग पहिचान नहुँदा उहाँको ज्यान जोगाउन सकिएन।

त्यस्तै झापाको भद्रपुर नगरपालिका–८ का देवेन्द्र किशोर ढुङ्गाना भने क्यान्सरलाई जितेर अहिले सामान्य जीवन बिताइरहनुभएको छ। हाल ६५ वर्ष पुग्नुभएका ढुङ्गानाको १० वर्षअघि एक्कासि स्वर कम हुन थालेपछि शङ्का लागि विभिन्न अस्पतालमा जाँच गर्दा दोस्रो स्टेजको क्यान्सर पत्ता लागेको थियो। चिकित्सकको सल्लाहअनुसार समयमै उपचार सुरु गरेपछि उहाँ पूर्ण रूपमा स्वस्थ रहनुभएको छ र दैनिक जीवनमा सक्रिय रहनुभएको छ।

यी दुई फरक–फरक अनुभवले देखाउँछन् कि क्यान्सर समयमै पत्ता लागेमा पूर्ण रूपमा निको पार्न सकिन्छ तर ढिलो पहिचान हुँदा जीवन नै जोखिममा पर्नसक्छ। चिकित्सकहरूले क्यान्सर डराउनुपर्ने रोग नभई बेहोरामा गम्भीर रोग भएको र प्रारम्भिक लक्षणलाई सामान्य ठानेर ढिला गर्दा उपचार जटिल हुँदै जाने र रोग फैलिने जोखिम बढ्ने बताएका छन्।

त्यसैले नियमित स्वास्थ्य जाँच, लक्षणप्रति सचेत रहनु र चिकित्सकको सल्लाहअनुसार परीक्षण गराउनु अत्यन्तै आवश्यक रहेको विशेषज्ञहरूले सुझाव दिएका छन्। प्रारम्भिक पहिचानले उपचार सहज र प्रभावकारी बनाउँछ भने ढिला गरिएको उपचारले जटिलता, लामो समयको उपचार र आर्थिक बोझ बढाउन सक्छ।

पूर्वाञ्चल क्यान्सर अस्पताल बिर्तामोड झापाका निर्देशक डा वीरेन्द्र यादवका अनुसार, क्यान्सर शरीरका कोषिकाहरू अनियन्त्रित रूपमा वृद्धि हुने गम्भीर रोग हो। सामान्य अवस्थामा शरीरका कोषिकाहरू नियन्त्रित रूपमा बढ्ने र निश्चित समयपछि नष्ट हुने प्रक्रिया हुन्छ। तर क्यान्सरमा कोषिकाहरू नियन्त्रण बाहिर बढ्दै जान्छन् र क्रमशः शरीरका अन्य अङ्गमा समेत फैलिन सक्छन्। यही कारण क्यान्सरलाई जटिल र घातक रोगका रूपमा लिइन्छ।

डा यादवका अनुसार क्यान्सर पहिलो र दोस्रो स्टेजमै पत्ता लागेमा पूर्ण रूपमा निको पार्न सकिने सम्भावना अत्यन्त उच्च हुन्छ। 'पहिलो स्टेजको क्यान्सर करिब ९० प्रतिशतसम्म निको हुन्छ। दोस्रो स्टेजमा ८०–८५ प्रतिशतसम्म उपचार सफल हुन्छ,' उहाँले भन्नुभयो, 'तर व्यवहारमा अधिकांश बिरामी ढिलो गरी अस्पताल पुग्ने गरेका छन्।'

पूर्वाञ्चल क्यान्सर अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये करिब ७० प्रतिशत तेस्रो र चौथो स्टेजमा मात्रै आइपुग्ने गरेको डा यादवको भनाइ छ। 'तीमध्ये करिब ५० प्रतिशत बिरामी अन्तिमअर्थात् चौथो स्टेजमै अस्पताल आउँछन्,' उहाँले भन्नुभयो। सुरुआती चरणअर्थात् पहिलो स्टेजमा आउने बिरामीको प्रतिशत १२–१३ मात्र रहेको छ भने दोस्रो स्टेजमा आउने बिरामी १६–१७ प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो।

क्यान्सरको उपचार सम्भावना स्टेजअनुसार फरक–फरक हुने गरेको डा यादव बताउनुहुन्छ। उहाँका अनुसार पहिलो स्टेजमा उपचार सफलताको दर ९० प्रतिशतसम्म रहने गरेको छ, दोस्रो स्टेजमा ८०–८५ प्रतिशत, तेस्रो स्टेजमा करिब ७० प्रतिशत र चौथो स्टेजमा झरेर करिब २० प्रतिशतमा सीमित हुन्छ। यस्तै अस्पतालको तथ्याङ्कअनुसार चौथो स्टेजका बिरामीमध्ये अधिकांश चार–पाँच वर्षसम्म मात्र बाँच्ने गरेका छन्।

धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थको सेवन, अस्वस्थ खानपान, शारीरिक निष्क्रियता, बढ्दो शहरीकरण र बदलिँदो जीवनशैली क्यान्सरका प्रमुख कारण रहेको डा यादव बताउनुहुन्छ। 'क्यान्सरको सबैभन्दा ठूलो कारण धुम्रपान हो,' डा यादवले स्पष्ट पार्नुभयो। उहाँका अनुसार युवावस्थादेखि नै अपनाइने गलत जीवनशैलीले पछि गएर क्यान्सरको जोखिम उल्लेखनीय रूपमा बढाउँछ। साथै, अत्यधिक मांसाहार, प्रशोधित खाना, बढी चिनी र बोसोयुक्त पदार्थको सेवन, पर्याप्त निद्रा नपाउनु र तनावपूर्ण जीवनशैलीले पनि क्यान्सरको सँभावना बढाएको हुन्छ। डा यादवका अनुसार जीवनशैली सुधार, नियमित व्यायाम, सन्तुलित आहार, धुम्रपान र मद्यपानबाट टाढा रहनु, साथै समय समयमा स्वास्थ्य जाँच गराउनु क्यान्सर रोकथाम र प्रारम्भिक उपचारका लागि अत्यन्तै आवश्यक छ।

महिलामा हाल सबैभन्दा धेरै देखिने क्यान्सर स्तन क्यान्सर हो भने त्यसपछि पाठेघरको क्यान्सर रहेको छ। पहिले पाठेघरको क्यान्सर बढी देखिन्थ्यो, तर पछिल्लो समय सेनेटरी प्याडको प्रयोग, व्यक्तिगत स्वच्छतामा ध्यान र स्वास्थ्य सचेतना बढ्दै गएको कारण यसको दर केही घटेको डा यादवले बताउनुभयो। पुरुषमा मुख्य रूपमा फोक्सो, मुख तथा घाँटीको क्यान्सर देखिन्छ। महिला र पुरुष दुवैमा फोक्सोको क्यान्सर सबैभन्दा धेरै देखिने र क्यान्सरजन्य मृत्युको प्रमुख कारण बनेको उहाँको भनाइ छ।

पूर्वाञ्चल क्यान्सर अस्पतालको तथ्याङ्कअनुसार पछिल्लो छ वर्षमा करिब आठ हजार क्यान्सरका बिरामी पत्ता लागेका छन्। वार्षिक रूपमा करिब एक हजार ८०० बिरामीले ओपिडी सेवा लिएका छन्। यसले क्यान्सरका बिरामीको संख्या बढ्दो क्रममा रहेको सङ्केत गर्छ भने समयमै रोकथाम र जाँचको आवश्यकता अझै बढ्दै गएको देखाउँछ।

क्यान्सर समयमै पत्ता नलाग्नुका मुख्य कारणमा जनचेतनाको अभाव, जाँच गराउने केन्द्रबारे पर्याप्त जानकारी नहुनु, अस्पतालसम्म पुग्ने यातायातको सीमितता र आर्थिक समस्या रहेको डा यादवले बताउनुभयो। 'धेरै बिरामी आर्थिक अभावकै कारण ढिला उपचारमा आउँछन्,' उहाँले भन्नुभयो।

डा यादवका अनुसार ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिक अझ बढी प्रभावित हुने गर्छन्, जहाँ स्वास्थ्य सेवा पहुँचमा कठिनाइ, पर्याप्त स्वास्थ्य उपकरण र विशेषज्ञको कमीले प्रारम्भिक पहिचानमा बाधा पु¥याउँछ। साथै, केही बिरामीहरू परम्परागत वा वैकल्पिक उपचारतिर जाने प्रवृत्ति राख्दा पनि क्यान्सर ढिला पत्ता लाग्ने र उपचार जटिल हुने जोखिम बढ्ने डा यादवले उल्लेख गर्नुभयो। डा यादवले सबै नागरिकलाई समयमै स्वास्थ्य जाँच गराउन, लक्षण देखिनासाथ विशेषज्ञसँग सल्लाह लिन र क्यान्सर रोकथामका उपाय अपनाउन सचेत हुन सुझाउनुहुन्छ।

नेपाल सरकारले क्यान्सरलाई जटिल रोगको सूचीमा राखेको छ। यसअन्तर्गत क्यान्सरका बिरामीलाई एक लाख रुपैयाँसम्मको उपचार अनुदान उपलब्ध गराइएको छ। साथै, स्थानीय तहबाट मासिक रु पाँच हजारसहयोग दिने व्यवस्था पनि छ। तर, यो व्यवस्था व्यावहारिक नभएको डा यादवको धारणा छ। 'पूर्ण रूपमा निको भइसकेका बिरामीले मासिक रु पाँच हजार पाउँछन् तर जटिल अवस्थामा पुगेका बिरामी आर्थिक अभावकै कारण उपचारबाट वञ्चित छन्,' उहाँले भन्नुभयो।

डा यादवका अनुसार मासिक सहयोगको सट्टा जटिल स्टेजमा पुगेका बिरामीलाई आवश्यकताअनुसार एकमुष्ट रकम उपलब्ध गराए प्रभावकारी हुनेछ। 'विपन्न नागरिक औषधोपचार कोष निर्देशिका २०७५' अनुसार विपन्न नागरिकले वडा कार्यालयको सिफारिस, चिकित्सकको प्रेस्क्रिप्सन, नागरिकताको प्रतिलिपि र अन्य आवश्यक कागजात बुझाएपछि उपचार सहुलियत पाउन सक्छन्। तर प्रक्रिया झन्झटिलो भएकाले धेरै बिरामी समयमै सुविधा लिन नसक्ने अवस्था रहेको डा यादव बताउनुहुन्छ।

डा यादवले क्यान्सर बिरामीका लागि छुट्टै दीर्घकालीन कोष स्थापना गर्नुपर्ने औँल्याउनुभयो। साथै, स्वास्थ्य बिमामा रहेको तीन महिना पर्खनुपर्ने व्यवस्था हटाएर बिमा सुरु भएको मितिबाटै उपचार सुविधा लागू गरिनुपर्ने उहाँको सुझाव छ। यसले आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुनुपर्ने अवस्थालाई कम गर्न सक्छ र बिरामीलाई समयमै उपचार सुनिश्चित गर्न सहयोग पु¥याउँछ। 'सरकार र स्वास्थ्य संस्थाले सहुलियतको पहुँच बढाउन, अनुदान र बिमा दुवैलाई सहज र प्रभावकारी बनाउनु जरूरी छ, ताकि जटिल अवस्थाका बिरामीलाई ढिला नहोस् र जीवन रक्षा सुनिश्चित होस्,' डा यादवले भन्नुभयो।

विश्व क्यान्सर दिवसको सन्दर्भमा चिकित्सकहरूले समयमै स्वास्थ्य परीक्षण, स्वस्थ जीवनशैली अपनाउने, धुम्रपान र मद्यपान त्याग्ने र व्यापक जनचेतनामा जोड दिने आग्रह गरेका छन्। ढिला उपचार गर्दा जीवन जोखिममा पर्न सक्ने भए पनि, समयमै पहिचान र उपचार गरेमा क्यान्सर पूर्ण रूपमा निको पार्न सकिने रोग भएको उनीहरूको निष्कर्ष छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# स्वास्थ्य बिमा कार्यक्रममा देखिएका समस्या समाधानका लागि अर्थमन्त्रालयसँग बजेट माग



**काठमाडौँ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा गौतमले राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममा देखिएको आर्थिक सङ्कट समाधानका लागि तत्काल आवश्यक बजेट उपलब्ध गराउन अर्थ मन्त्रालयसँग माग गरेकी छन्। बुधबार प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा भएको छलफलमा उनले तत्काल १५ अर्ब रुपैयाँ व्यवस्थापन नगरे स्वास्थ्य बिमा प्रणालीमा आवद्ध रहेका अस्पतालहरू बन्द हुनसक्ने भन्दै चिन्ता व्यक्त गरीन्। मन्त्री डा. गौतमले विद्यमान समस्या र अवस्थाको समाधान छलफल र सुझावले मात्र सम्भव नहुने भन्दै स्रोत व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग आग्रह गरिन्। शून्य बजेटमा २४ अर्ब दायित्व बोकेर स्वास्थ्य बिमा कार्यक्रम कसरी सञ्चालन हुन्छ, मन्त्री गौतमले प्रश्न गरिन्, कि स्पष्ट रूपमा स्वास्थ्य बिमा बन्द गर्न निर्देश हुनुपर्यो कि आवश्यक रकम जुटाइदिनुपर्यो।

स्वास्थ्यमन्त्री डा. गौतमले अर्थमन्त्री र अर्थसचिवलाई प्रत्यक्ष सम्बोधन गर्दै साउनमा प्रस्तुत बजेट वक्तव्यमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अतिविपन्न तथा अल्पसंख्यक समुदायका लागि स्वास्थ्य बिमा सुविधालाई निरन्तरता दिने सरकारको नीतिअनुसार मन्त्रालयले काम गरिरहेको बताइन्। सो छलफलमा अर्थसचिव घनश्याम उपाध्यायले स्वास्थ्य मन्त्रालयलाई नीतिगत सुधारका लागि सुझाव दिँदै आवश्यक स्रोत जुटाउन अर्थ मन्त्रालय प्रतिबद्ध रहेको बताए।

तत्कालै व्यवस्थापनका लागि स्वास्थ्य बिमाका लागि दिने सहिने रकमको पुर्नप्राथमिकीकरण गरेर स्वास्थ्य मन्त्रालयले ल्याउनुपर्ने देखिन्छ। रकमान्तर गर्ने, स्रोतान्तर गर्ने विषयमा अर्थ मन्त्रालयले पूर्ण सहयोग गर्नेछ। त्यसबाहेक पनि अन्य मन्त्रालयमा रहेका चालु खर्चहरूको विवरणअनुसार आवश्यकताका आधारमा स्वास्थ्य मन्त्रालयमा रकमान्तर गर्न तयार छौँ सचिव उपाध्यायले भने।

स्वास्थ्य मन्त्रालयले सुधारलाई पहिलो एजेण्डा नबनाई स्रोतको खोजी मात्र गरेमा स्वास्थ्य बिमा दिगो रूपमा सञ्चालन हुन नसक्ने उनको भनाई छ। स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित कार्यक्रममा देखिएका समस्या समाधान गर्ने पहिलो एजेण्डा मन्त्रालयले नै बनाउनुपर्छ, अनि मात्र सुधार सम्भव छ सचिव उपाध्यायले भने। रासस

# निर्वाचन आयोग र टिकटकबीच समझदारी



**काठमाडौँ।**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रविधिका माध्यमबाट हुनेसक्ने दुरुपयोग रोक्न योजनाबद्ध काम भइरहेको बताएका छन्।

निर्वाचन आयोगले सामाजिक सञ्जाल टिकटकसँग बुधबार गरेको समझदारीपत्र आदानप्रदान समारोहलाई सम्बोधन गर्दै उनले निर्वाचनका पक्षमा सङ्लिएको वातावरण धमिलिन नदिन ऐतिहासिक सम्झौता भएको बताए।

टिकटकसँग सम्झौता गरेपछि यसका माध्यमबाट आचारसंहिता उल्लङ्घन, मिथ्या सूचना रोक्न सहयोग पुग्ने विश्वास गरिएको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए। टिकटकले निःशुल्क रूपमा निर्वाचनमा हुने दुरुपयोग रोक्न सहयोग गर्न लागेकामा उनले धन्यवाद दिए।

कार्यक्रममा आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराई र टिकटकका तर्फबाट सामाजिक नीति र सरकारी सम्बन्ध प्रमुख फेर्दोस अल मत्ताकिनले समझदारीपत्र आदानप्रदान गरेका थिए।

प्रतिनिधिसभा सदस्य निर्वाचनको स्वच्छता कायम गर्न यसबाट सहयोग पुग्ने विश्वास गरिएको छ। निर्वाचनमा स्वच्छता प्रवद्र्धन तथा आयोगको क्षमता अभिवृद्धिका लागि टिकटकले सहयोग गर्ने भएको छ। साझेदारीले निर्वाचनसम्बन्धी सही, भरपर्दो र समयमै सर्वसाधारणको पहुँचमा सूचनाको पहुँच पु¥याउन सहयोग पुग्ने विश्वास आयोगले गरेको छ।

समझदारीले निर्वाचनलाई असर पार्नसक्ने भ्रामक सूचना तथा हानिकारक सामग्रीको नियन्त्रणका लागि आयोगबाट भइरहेको प्रयासमा योगदान पुर्‍याउने विश्वास गरिएको छ। रासस

# स्वास्थ्य बिमामा देखिएका समस्या समाधान हुन्छः प्रम



**काठमाडौँ।**
प्रधानमन्त्री सुशीला कार्कीले स्वास्थ्य बिमाका सम्बन्धमा देखिएको समस्या सरकारले स्रोत जुटाएर सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेकी छिन्। बुधबार प्रधानमन्त्री कार्यालयमा स्वास्थ्य बिमासम्बन्धी छलफलमा उनले आर्थिक अभावको अवस्थामा सेवा कायम राख्ने, एकद्वार प्रणाली लागु गर्ने, बलियो नियमन र तत्काल स्रोत व्यवस्थापनका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गरिन्।

ऋण लिएर भए पनि वा अन्य स्रोत जुटाएर भए पनि स्वास्थ्य बिमा सेवा निरन्तर गर्नुपर्ने उनको स्पष्ट सन्देश छ। अब सेवा दिएन भने जनताले सडकमा प्रश्न उठाउँछन्। स्रोत जुटाउनै पर्छ, उनले भनिन्, एकद्वार प्रणाली अनिवार्य रूपमा लागू गर्नुपर्छ। नियमन गर्न जरुरी छ। पैसा गइरहेको छ, तर उपचार पाइरहेको छैन। कहाँ के भइरहेको छ, त्यो ठीक भएन।

प्रधानमन्त्री कार्कीले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अति विपन्न तथा अल्पसङ्ख्यक समुदायका लागि स्वास्थ्य बिमा सुविधा निरन्तरता दिनैपर्नेमा जोड दिइन्। जनताले ३ हजार ५०० तिरेका छन्। सरकारले रु १ लाखसम्म उपचार दिने भनेको छ।

तर रकम पु¥याउन नसक्ने, सेवा दिन नसक्ने, यहाँ गम्भीर कमजोरी देखियो, उनले भनिन्, हाल १६ लाख १७ हजार ८५ जना बिमितले सेवा लिइरहेका छन्। जुन तीन करोड जनताले तिरेको करबाट सम्भव भएको हो। सेवा लक्षित वर्गको पहुँचमा पुग्नुपर्छ।

सो छलफलमा सहभागी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा प्रकाश कुमार श्रेष्ठले प्रिमियम दर फ्ल्याट राख्नुको सट्टा उमेरअनुसार बनाइनुपर्ने सुझाव दिए। उनले योगदानमा आधारित सामाजिक सुरक्षा कोषसँग दोहोरोपना हटाएर वितरणमुखी कल्याणकारी कार्यक्रम एकीकृत गरे स्रोत व्यवस्थापन सम्भव हुने बताए।

यस्तै, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष जुद्धबहादुर गुरुङले नीतिगत सुधार र दोहोरोपना हटाउन नसके स्वास्थ्य बिमाले गति नलिने स्पष्ट पारे। रासस

# समानुपातिकतर्फको बन्दसूचीमा महिला बढी

**काठमाडौँ।**
प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलहरुले पेस गरेको बन्दसूचीमा पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको पाइएको छ। निर्वाचन आयोगले सार्वजनिक गरेको विवरणअनुसार समानुपातिक निर्वाचन प्रणालीतर्फको अन्तिम बन्दसूचीको नामावली अनुसार एक हजार सात सय ७२ जना महिला छन्। यस्तै, पुरुष एक हजार तीन सय ६३ जना छन्। समानुपातिकतर्फ ६३ राजनीतिक दल सहभागी छन्। आयोगले कूल ५७ वटा निर्वाचन चिन्ह कायम गरेको छ।

आयोगमा अनुसार, अन्तिम सूचीअनुसार कूल तीन हजार एक सय ३५ उम्मेदवार कायम भएका छन्।

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ र प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम १६ को उपनियम २ बमोजिम अन्तिम नामावली प्रकाशन गरेको हो। आयोगले विभिन्न कारणले गर्दा ७६ जना उम्मेदवारको नामावली भने बन्दसूचीबाट हटाएको थियो। त्यसमा कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेका २१ जना र प्रदेशसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा नाम कायम रहेका कूल २५ जनाको नाम हटाएको छ।

यस्तै, आयोगले तोकिएको जरिवाना भुक्तान नगरेका १० जना, मतदाता नामावलीमा पिछडिएको क्षेत्रमा नभएका एक जनालाई पनि बन्दसूचीबाट हटाएको थियो। यस्तै, नाम हटाउन भनी सम्बन्धित राजनीतिक दलबाट लेखिए आएका १० जनाको नाम समेत हटाइएको छ। रासस

# अभौतिक सांस्कृतिक सम्पदा विधेयकमाथि छलफल



**काठमाडौँ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हाले नेपाली भाषा, संस्कृतिको महत्व अतुलनीय रहेकाले कानुनमा स्थापित गरिने शब्दमा समेत कला र संस्कृतिको मर्म झल्किनुपर्नेमा जोड दिएका छन्।

राष्ट्रियसभाको विधायन समितिको बुधबारको बैठकमा उनले समाजको कला संस्कृतिको यस्ता शब्दको महिमा जीवित राख्नुपर्ने धारणा राखे। समितिले अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ उपर दफाबार छलफल गर्ने क्रममा सभाका सदस्यहरुले आ–आफ्नो मत राखेका थिए।

बैठकमा समितिका सदस्य डा वेदुराम भुसालले विधेयकको शीर्षकनै परिमार्जन गर्नुपर्ने धारणा राखे। उनले नाम र सम्पदाको परिभाषामा रुपान्तरण गर्न रहेको बताए।

त्यस्तै, सदस्य पदमबहादुर परियारले २३ वर्षदेखि बन्न नसकेको उक्त विधेयकलाई छिटोभन्दा छिटो लागू गराउनुपर्ने धारणा राखे। साथै उनले समाजमा संस्कृतिको रुपमा रहेका केहि लगत प्रथालाई भने संरक्षण गर्न नहुने सुझाव दिए। उनले स्थानीय तहमा सांस्कृतिक सम्पदाको सूचीकरण गर्न लगाउने भनिएर मात्रै नपुग्ने बताउँदै त्यसलाई प्रभावकारी कार्यान्वयन गराउन बजेटको समेत व्यवस्था हुनुपर्ने प्रष्ट कानुनमा उल्लेख गरिनुपर्ने सुझाव दिए।

त्यस्तै, बैठकमा पर्यटन मन्त्रालयका सहसचिव जयनारायण आचार्यले भाषाको सरलता र जनजीवनलाई सहज हुने शब्दाबली छनोट गर्न उपयुक्त हुने धारणा राखे।

समितिका सभापति तुलसाकुमारी दाहालले अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ उपर दफावार छलफल निरन्तर हुँने बताउँदै सरोकारवाला सँग समेत आवश्यक रायसुझाव सङ्कलन कार्य भइरहेको बताए। रासस

# राष्ट्रपति पौडेल स्वदेश फिर्ता



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेल जापानको चारदिने औपचारिक भ्रमण पूरा गरेर बिहीबार काठमाडौँ फर्किएका छन्।

नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षित्कोत्सवका अवसरमा जापान सरकारको निमन्त्रणामा टोकियोमा आयोजित विशेष समारोहमा सहभागी हुन राष्ट्रपति पौडेल प्रथम महिला सविता पौडलसहित उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै गत आइतबार त्यसतर्फ प्रस्थान गरेका थिए।

राष्ट्रपति पौडेल नेतृत्वको प्रतिनिधिमण्डललाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल लगायतले स्वागत गरेका थिए।

जापान सरकारको निमन्त्रणामा राष्ट्रपति पौडेल नेपाल र जापान बिचको कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औँ वर्षगाँठका अवसरमा जापानमा आयोजना भएको विशेष समारोहमा सहभागी भएर स्वदेश फर्किएका हुन्।

जापान भ्रमणका क्रममा राष्ट्रपति पौडेलले टोकियोमा जापान सरकारले आयोजना गरेको नेपाल–जापान कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव विशेष स्वागत समारोहमा सहभागी भए। उनले सो समारोहलाई सम्बोधन गरेका थिए। रासस

# सामान ढुवानीमा देखिएको समस्या समाधान गर्न आग्रह

**काठमाडौँ।**
नेपाल समुन्द्रपार निकासी पैठारी सङ्घले केही महिनायता नेपालका लागि आयातित सामान ढुवानीमा देखापरेको समस्या समाधानका लागि आग्रह गरेको छ। सङ्घको प्रतिनिधिमण्डलले वाणिज्य सचिव डा रामप्रसाद घिमिरेलाई उहाँकै कार्यकक्षमा भेटेर वाणिज्यसँग निजी क्षेत्रको चासोका विषयमा ध्यानाकर्षण गराएको हो।

सङ्घका महासचिव जयन्तकुमार अग्रवालका अनुसार केही महिनायता नेपालका लागि आयातित सामान भारतीय भूमिमा ढुवानी गर्दा विलम्ब भइरहेको जानकारी गराउँदै नेपाली सामान ढुवानीका लागि थप रेल उपलब्ध गराउने पहल गरिदिन सचिव घिमिरेलाई आग्रह गरिएको छ। उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सुझाव बमोजिम भारतीय र नेपाली बजारमा वस्तुको मूल्यमा फराकिलो अन्तर नहुने गरी भन्सार महसुल र अन्य करका दरहरु समायोजन गरी ग्रे मार्केट नियन्त्रण गर्नुपर्नेमा पनि उनले जोड दिए।




तेस्रो मुलुकमा निर्मित मेसिन औजारका पार्टपुर्जा भारतबाट आयात गर्न पाउने व्यवस्थाका लागि नेपाल–भारत वाणिज्य सन्धिको प्रोटोकल संशोधनका लागि पहल गर्न पनि सङ्घले आग्रह गरेको छ। पछिल्लो समय सरकारले स्थगित गरेको निर्यातको नगद अनुदान अविलम्ब सञ्चालन गर्न पनि सङ्घले माग गरेको छ। त्यसैगरी एजेन्सी ऐनका कठिन प्रावधान संशोधन गर्न जोड दिएको सङ्घले फर्म नवीकरणमा एकद्वार नीतिको आवश्यकता औँल्याएको छ।

सरकारी निकायमा एक ठाउँमा कागजात पेस गरिसकेको अवस्थामा ती कागजात आवश्यक पर्दा जुनसुकै सरकारी निकायले अनलाइनबाटै प्राप्त गर्न सक्ने प्रणाली विकास प्रक्रिया सरलीकरण गर्न पनि सङ्घले माग गरेको छ। अधिकतम खुद्रा मूल्यको विषयमा विद्यमान द्विविधा हटाउन आग्रह गरेको सङ्घले प्रत्येक फर्मले वार्षिक कारोबारको फाँटबारी वाणिज्य विभागमा पेस गर्नुपर्ने प्राइभेट फर्म रजिस्ट्रेसन नियमावलीको प्रावधानले व्यवसायको लागत बढाउने र झन्झट थप्ने काम मात्र गरिरहेको गुनासो गरेको छ।

सङ्घले खुला बजार अर्थतन्त्रको मान्यताविपरीत सामान्य जनजीवनका आवश्यक वस्तु आयातमा प्रतिबन्ध नलगाउन आग्रह गरेको छ। आयातमा प्रतिबन्ध लगाइएका वस्तुहरु सीमा नाकाका छिद्रमार्फत अनधिकृत रुपमा आयात भई बजारमा खुलेआम बिक्री हुने हुँदा यसबाट राजस्व गुम्ने, वैधानिक व्यापार रोकिने र अनधिकृत व्यापार फस्टाउने सङ्घको तर्क छ।

सरकारले नगदमा कारोबार गर्न पाउने सीमा रु १० लाखबाट घटाएर पाँच लाख कायम गरेकोमा पनि संघले असन्तुष्टि जनाएको छ। जवाफमा सचिव घिमिरेले विभिन्न वस्तुमा आयातमा कायम प्रतिबन्धबारे अध्ययन गरी सुझाव पेस गर्न आफूले समिति गठन गरिसकेको जानकारी गराउँदै सङ्घले उठाएका विषयहरुलाई सम्बोधन गर्न आफ्नो तर्फबाट सक्दो पहल गर्ने आश्वासन दिए।

सङ्घका अध्यक्ष शिवकुमार अग्रवालले नेतृत्व गरेको प्रतिनिधिमण्डलमा महासचिव जयन्त अग्रवाल, सचिव विष्णुकुमार जोशी र कार्यसमिति सदस्यहरु मयंक केडिया र आकाश गोल्छा सहभागी थिए। रासस

# ओलीलाई भावी प्रधानमन्त्रीमा प्रस्ताव



**काठमाडौं।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले भावी प्रधानमन्त्रीका रूपमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई अघि सारेको छ।

एमालेको केन्द्रीय कार्यालय, च्यासलमा आज आयोजित पत्रकार सम्मेलनमा पार्टीका उपाध्यक्ष रामबहादुर थापाले मुलुकको रक्षा तथा देशभक्त र लोकतान्त्रिक शक्तिहरूलाई पुनःस्थापित गर्नुपर्ने आवश्यकता रहेकाले अध्यक्ष ओलीलाई भावी प्रधानमन्त्रीको प्रस्तावसहित पार्टी चुनावमा होमिएको स्पष्ट गरे।

उनले देश बनाउनेहरूलाई जिताउनुपर्ने खाँचो रहेको उल्लेख गर्दै नेपालको आर्थिक वृद्धि भइरहेको, समृद्धिको एकीकृत खाकाका साथ काम भइरहेको अवस्थामा अनेक पक्षहरू हावी भएर अघिल्लो सरकारलाई विस्थापन गर्ने स्थिति भएकाले जनताले यस कुरालाई मनन गर्र्ने विश्वास व्यक्त गरे। उनले सर्वाेच्च अदालतले संसद् पुनःस्थापनाको मुद्दाबारे चाँडै फैसला दिनुपर्नेमा पनि जोड दिए। रासस

# गृहमन्त्रीसँग युएनओडिसीका प्रतिनिधिको शिष्टाचार भेट



**काठमाडौं।**
गृहमन्त्री ओमप्रकाश अर्याल र संयुक्त राष्ट्र संघीय लागु औषध तथा अपराध नियन्त्रण कार्यालय (यूएनओडिसी) को दक्षिण एसिया हेर्ने क्षेत्रीय प्रतिनिधी क्रिस्टियन होल्जबिच शिष्टाचार भेट सम्पन्न भएको छ।

भेटमा मन्त्री अर्यालले यूएनओडिसीले लागू औषध नियन्त्रण लगायतका क्षेत्रमा नेपाललाई पुर्याउँदै आएको सहयोगको लागि धन्यवाद व्यक्त गरेका छन्। साथै यूएनओडिसीसँगको सहकार्य अझै बढाउँदै लैजान सकिने बताए।

यूएनओडिसी क्षेत्रीय प्रतिनिधि होल्जले नेपाल सरकारसँगको सहकार्यलाई निरन्तरता प्रदान गरिने बताउँदै सरकारको तर्फबाट यूएनओडिसीका कार्यक्रम सञ्चालनमा प्रदान हुँदै आएको सहयोग र तदारुकताको प्रशंसा पनि गरे।

गृह मन्त्रालयमा भएको शिष्टाचार भेटमा मन्त्रालयका नीति, योजना अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुख, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, यूएनओडिसी नेपालका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो। रासस

# मोनास्टिक कलेजको स्पोर्ट्स मिट




**धनुषा ।**
जनकपुरधामस्थित मोनास्टिक स्कुल तथा कलेजले एनुवल स्पोर्ट्स मिट २०८२ को भव्य शुरुवात गरेको छ । बुधबार जनकपुरधाममा रहेको कभर्ड हलमा आयोजित औपचारिक समारोहबीच स्पोर्ट्स मिटको उद्घाटन गरिएको हो ।
कार्यक्रमको अध्यक्षता मोनास्टिक स्कुलकी प्रधानाध्यापक शिखा नायक ले गरेकी थिइन् भने उद्घाटन समारोहका प्रमुख अतिथी धनुषा ट्राफिक प्रहरी कार्यालयका ब.प्र.नि. रुपक मैनाली रहेका थिए । त्यस्तै, विशिष्ट अतिथीका रूपमा मोनास्टिक स्कुल तथा कलेजका डाइरेक्टर सोनु साह उपस्थित थिए ।
उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथी ब.प्र.नि.रुपक मैनालीले खेलकुदले विद्यार्थीहरूमा अनुशासन, आत्मविश्वास र नेतृत्व क्षमताको विकास गराउने बताए । उनले भने, 'खेलकुद शारीरिक तन्दुरुस्तीको माध्यम मात्र होइन, यो विद्यार्थीको मानसिक विकास र सकारात्मक सोच निर्माण गर्ने सशक्त आधार हो ।'
विशिष्ट अतिथी डाइरेक्टर सोनु साह ले मोनास्टिक स्कुल तथा कलेजले शैक्षिक उपलब्धिसँगै खेलकुद र अतिरिक्त क्रियाकलापलाई समान महत्व दिँदै आएको उल्लेख गरे । खेलकुद कार्यक्रमले विद्यार्थीभित्र लुकेका प्रतिभा उजागर गर्ने र उनीहरूलाई प्रतिस्पर्धी तथा जिम्मेवार नागरिक बनाउन मद्दत गर्ने उनले बताए । कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख अरविन्द यादव, खेल प्रशिक्षकहरू अरुण लाल कर्ण, उपेन्द्र ठाकुर, शुभाष चन्द्र साह,सुरज राउत, अनुज झा, स्पोर्ट्स कोर्डिनेटर बीरेन्द्र कर्ण, कल्चरल कोर्डिनेटर धिरज ठाकुर लगायत खेलाडी, खेलप्रेमी दर्शक तथा विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।
उक्त अवसरमा विभिन्न खेलका खेलाडीहरू, खेलप्रेमी दर्शक तथा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो । एनुवल स्पोर्ट्स मिट अन्तर्गत विभिन्न खेल प्रतिस्पर्धाहरू सञ्चालन गरिने आयोजकले जनाएको छ । प्रतियोगिताले विद्यार्थीहरूमा खेलभावना, सहकार्य र अनुशासनको भावना अभिवृद्धि गर्ने विश्वास लिइएको छ । रासस

# भारत– अमेरिकी व्यापार सम्झौता
# विपक्षीबाट संवेदनशील क्षेत्रमा असरको प्रश्न

**नयाँदिल्ली ।**
प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी सामानमा आयात शुल्क घटाउने सम्झौताको स्वागत गरेका छन्, तर विपक्षी सांसदहरूले कृषि र अन्य संवेदनशील क्षेत्रहरूमा पर्न सक्ने असरबारे प्रश्न उठाएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार भारतमा रुसी तेल खरिद घटाउने वा रोक्ने सर्तमा आयात शुल्क घटाउने योजना घोषणा गरेका थिए । यसअनुसार भारतले अमेरिकी सामानमा आयात कर शून्यमा झार्ने र पाँच खर्ब अमेरिकी डलर मूल्यको उत्पादन किन्न सुरु गर्ने व्यवस्था हुनेछ ।
प्रधानमन्त्री मोदीले कर कटौतीबाट आफू खुसी भएको र ट्रम्पको नेतृत्व विश्वव्यापी शान्ति, स्थिरता र समृद्धिका लागि महत्त्वपूर्ण रहेको प्रतिक्रिया दिएको छ । अमेरिकी दूतावासका प्रवक्ताले भारतमा अन्तिम आयात शुल्क १८ प्रतिशत हुने पुष्टि गरेका छन् । यसले भारतीय निर्यातकर्तालाई ५० प्रतिशतसम्मको संयुक्त करको प्रभावबाट राहत दिने अपेक्षा गरिएको छ ।
तर विपक्षी राजनीतिक दलहरूले सम्झौतामा कृषि र दुग्धजस्ता संवेदनशील क्षेत्रको सुरक्षा सुनिश्चित गर्नुपर्ने भन्दै तल्लो सदनको कार्यवाही रोकिएका छन् । अमेरिकी कृषिमन्त्री ब्रुकर रोलिङ्सले सम्झौताले अमेरिकी किसानलाई भारतमा निर्यात बढाउन, मूल्य उचाल्न र ग्रामीण क्षेत्रमा नगद प्रवाह गर्न मद्दत गर्ने बताएका छन् । सन् २०२४ मा भारतसँगको अमेरिकी कृषि व्यापार घाटा करिब एक अर्ब ३० करोड डलर थियो ।
भारतीय व्यापारमन्त्री पियुष गोयलले संवेदनशील क्षेत्रहरू सम्झौतामा सुरक्षित रहेको र भारतले उत्कृष्ट सम्झौता पाएको बताएका छन् । उनले जनतालाई आश्वस्त पार्दै सम्झौताले हरेक भारतीयको हितसँगै कृषि र अन्य संवेदनशील क्षेत्रको सुरक्षा सुनिश्चित गर्ने प्रतिवद्धता जनाए ।
विश्लेषकहरूले भने समयसीमा, कभर हुने उत्पादन र संवेदनशील क्षेत्रको सुरक्षा स्पष्ट नभएसम्म उत्सव मनाउन हतार नगर्न चेतावनी दिएका छन् । अमेरिकी सामानको पाँच खर्ब डलर आयातमा पुग्न हालको दरमा कम्तीमा दुई दशक लाग्ने अनुमान गरिएको छ । सम्झौताले भारत र अमेरिकी बजारबीचको व्यापार विस्तार मात्र नभई श्रम–गहन, निर्माण र उच्च प्रविधि क्षेत्रमा पारस्परिक लाभदायक अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ । यससँगै मोदी–ट्रम्प सम्झौताले युक्रेनविरुद्धको युद्धका कारण रुसी तेलको निरन्तर खरिद रोक्ने पहलसँग पनि सम्बन्धित रहेको बताइएको छ ।ट्रम्पले एक्स प्लेटफर्ममा लेखेका छन्, 'यसले युक्रेनमा युद्ध समाप्त गर्न मद्दत गर्नेछ, जहाँ प्रत्येक हप्ता हजारौँ मानिसको मृत्यु भइरहेको छ ।' रासस

# महत्वपूर्ण खनिज आपूर्तिमा ट्रम्प योजना

**वासिङ्टन ।**
ट्रम्प प्रशासनले जेट इन्जिनदेखि स्मार्टफोनसम्म अत्यावश्यक मानिने महत्वपूर्ण खनिजहरूको आपूर्ति श्रृङ्खला चीन बाहिर सुरक्षित गर्न हालसम्मकै सबैभन्दा ठूलो योजना सार्वजनिक गर्ने तयारी गरेको छ । यस योजनाअन्तर्गत साझेदार मुलुकहरूसँग खरीद सम्झौता गर्दै करिब दुई अर्ब अमेरिकी डलर बराबरको कोष परिचालन हुने अपेक्षा गरिएको छ ।
विदेशमन्त्री मार्को रुबियोले दर्जनौँ युरोपेली, एसियाली र अफ्रिकी मुलुकका अधिकारीहरूसँग आयोजना गरेको बैठकमा उपराष्ट्रपति जेडी भान्सले बुधबार मुख्य सम्बोधन गर्ने तयारी रहेको छ । अमेरिकाले आपूर्ति श्रृङ्खला र रसदसम्बन्धी सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको भएपनि त्यसका विस्तृत विवरण अझै सार्वजनिक गरिएको छैन । रुबियोले मङ्गलबार दक्षिण कोरिया र भारतका विदेशमन्त्रीहरूसँग महत्त्वपूर्ण खनिजको खनन र प्रशोधनबारे छलफल गरेका थिए ।
यी बैठक र सम्भावित सम्झौताहरू राष्ट्रपति डोनाल्ड ट्रम्पले 'प्रोजेक्ट भल्ट' घोषणा गरेको दुई दिनपछि आएका हुन् ।
सो परियोजनाअन्तर्गत अमेरिकी निर्यात–आयात बैंकबाट १० अर्ब डलर ऋण उपलब्ध गराइनेछ । यससँगै करिब एक अर्ब ६७ करोड डलर निजी पूँजी जोडेर महत्त्वपूर्ण खनिजको रणनीतिक भण्डार निर्माण र सञ्चालनमा वित्तीय सहयोग गरिने बताइएको छ । चीनले विश्वको दुर्लभ पृथ्वी खननको करिब ७० प्रतिशत र प्रशोधनको ९० प्रतिशत नियन्त्रण गर्दै आएको अवस्थामा ट्रम्प प्रशासनले यस्तो कदम चालेको हो । ट्रम्पको कर युद्धको प्रतिक्रियामा चीनले केही तत्वहरूको आपूर्ति सीमित गरेपछि अमेरिकाले विकल्प खोज्न तीव्र प्रयास अघि बढाएको जनाइएको छ । अक्टोबरमा राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच भेट भएपछि उच्च शुल्क फिर्ता लिने र प्रतिबन्धहरू खुकुलो बनाउने सहमति भए पनि चीनको निर्यात नियन्त्रण अझै कडा रहेको बताइएको छ ।
प्रोजेक्ट भल्ट घोषणा गर्दै राष्ट्रपति ट्रम्पले अघिल्लो वर्षजस्तो अनुभव पुनः भोग्न नचाहेको बताएका थिए । उद्योग विश्लेषक पिनी अल्थौसका अनुसार व्यापार युद्धले पश्चिमी मुलुकहरू चीनमाथि कति निर्भर छन् भन्ने कुरा उजागर गरेको छ । उनका अनुसार प्रमुख उत्पादक र उपभोक्ता मुलुकहरू मिलेर एक प्रकारको 'क्रेता समूह' निर्माण गर्ने प्रयास भइरहेको छ, जसले मूल्य संरचना र न्यूनतम मूल्य निर्धारणजस्ता विषयमा सहकार्य गर्नेछ ।
गत साता अमेरिकी सरकारले युएसए रेयर अर्थमा एक अर्ब ६० करोड डलर लगानी गर्दै चौथोपटक प्रत्यक्ष सहयोग प्रदान गरेको थियो । यस क्रममा निजी लगानीकर्ताजस्तै कडा छानविन गरी करदाताको हित सुरक्षित गर्ने सर्तहरू राखिएको अल्थौसले बताए ।
यसैबीच, अमेरिकी निर्यात–आयात बैंकको बोर्डले इतिहासकै सबैभन्दा ठूलो ऋण स्वीकृत गर्दै रणनीतिक महत्वपूर्ण खनिज भण्डार स्थापनालाई सहयोग पु¥याएको छ । यस भण्डारले ब्याट्री, ऊर्जा उपकरण, डिजिटल भण्डारण र एयरोस्पेस उद्योगका प्रमुख उत्पादकहरूलाई आवश्यक सामग्रीमा पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।
बैंकका अध्यक्ष जोन जोभानोभिकले सार्वजनिक–निजी साझेदारी मोडेलले सबै पक्षलाई जिम्मेवार बनाउने र निजी लगानीलाई आकर्षित गर्ने बताए । विशेषज्ञहरूका अनुसार यस रणनीतिले चीनबाहेकको 'अधिक स्वाभाविक' मूल्य प्रणाली विकास गर्न मद्दत पुऱ्याउन सक्छ ।
ट्रम्प प्रशासनका यी प्रयासहरूले केही द्विदलीय समर्थन पनि पाएका छन् । गत महिना सांसदहरूको एक समूहले दुर्लभ पृथ्वी खनिज तत्व र अन्य महत्त्वपूर्ण खनिज उत्पादन बढाउन दुई अर्ब ५० करोड डलरको नयाँ एजेन्सी प्रस्ताव गरेको थियो । सांसदहरूका अनुसार यसले चीनमाथिको निर्भरता घटाउँदै बजार स्थिर बनाउन सहयोग पु¥याउनेछ ।
विशेषज्ञ डेभिड अब्राहमका अनुसार भण्डार निर्माण दीर्घकालीन समाधान भए पनि चीनको नियन्त्रणका कारण हाल सामग्रीको अभाव कायमै छ । उनले खनिज उत्पादनसँगै ती प्रयोग हुने उद्योगहरूको विकासमा पनि ध्यान दिन आवश्यक रहेको उल्लेख गरे । रासस

## श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

वीरगंज म.न.पा ०८, पानीटंकी

### १५ दिने लिलामी बारे अत्यन्तै जरुरी सूचना

( प्रकाशित मिति : २०८२/१०/२२)

टेलिफोन नं०५१५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com

यस सहकारी संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक पटक उपभोग गरेको कर्जाको साँवा ,ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछ्योट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गारिएका समभ्फौता संग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि मिति २०८२/०८/०५ गतेका दिने यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थालाई तिर्न बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा मिति २०८२/०९/१७ गते दोश्रो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत संस्थालाई धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको चल र अचल सम्पति तथा सो को लिगलागपातहरु जहा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलामी बिक्री गर्न बाध्यता भएकोले यो सूचना प्रकाशित भएको मिति १५ औं दिन अर्थात मिति २०८२/११/०७ गते सार्वजनिक विदा परेकोले १६ औं दिन अर्थात मिति २०८२/११/०८ गते शुक्रबार बिहान १०:०० बजे देखि ३:०० बजे सम्म संस्थाको मुख्य कार्यालय पानीटंकी वीरगंजमा तिर्नु पर्ने रकम संस्थाको कार्यालयमा सम्पर्क राखी कर्जा चुक्ता गर्न अन्तिम पटक यो सूचना प्रकाशित गरिएको जानकारी अनुरोध छ। अथवा यस संस्थालाई लेखी दिएको ऋण कर्जाको सुरक्षण वापत संस्थालाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल /अचल सम्पति तथा सो को लिगलगापत समेत जहाँ जे जस्तो अवस्थामा लिलामी बिक्री गरिने जानकारी अनुरोध छ। सबै भन्दा बढ़ी अंक बोली लिलाम साकार गर्ने व्यक्तिले सकार गरेको मूल्यकों १०(दश) प्रतिशतले हुन आउने रकम (जसमा ब्याज प्राप्त नहुनेगरी) सोही दिन धरौटी वापत जम्मा गर्नुपर्ने छ। कबुल रकममा संस्थाले उल्लेखित धितोमा रहेको सम्पति लिलाम बिक्री गर्ने निर्णय गरेमा त्यसको सुचना पाएको मितिले १५ दिन भित्र बाँकी कबुल रकम संस्थामा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी रकम जफ़त हुने छ। कबुल मुल्यमा लिलाम बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ। लिलाम बिक्रीको दिन विदा परेमा उक्त दिनको भोली पल्ट अर्थात संस्था खुलेको दिन सोहि समयमा लिलाम बिक्री हुने छ।लिलाम बिक्री हुने सम्पति सम्बन्धी थप जानकारी चाहिएमा संस्थाको मुख्य कार्यालय वीरगंज बाट प्राप्त गर्न सकिने छ।साथै दाखिल खारेज गर्ने अडडामा लाग्ने दस्तुर लिलाम बिक्री साकार गरी लिनेले नै ब्योहोर्नु पर्ने छ।

**तपशील**

| क्र.स | ऋणिकों तिन पुस्ताको विवरण | धितोंको विवरण |
|---|---|---|
| १. | नाम : हरिचन प्रसाद कुर्मी<br>बुबा : ब्रम्हा राउत कुर्मी<br>बाजे : सरजुग राउत कुर्मी<br>ठेगाना : सखुवा प्रसौनी ३ (कौवावनकटैया)<br>ना.प्र.नं : २८३/४५८००८९२<br>जारी मिती : २०४४/१२/०३<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा<br>कुल रकम : रु.४३,२१,०६१/ | हरिचन प्रसाद कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला कौवावनकटैया वडा नं ५ कित्ता नं.३८,१०,७९३ को क्षेत्रफल ००१३०,००१४ ०,०१९१०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | नाम : प्रेम राउत कुर्मी<br>बुबा : हरिहर राउत कुर्मी<br>बाजे : भोला राउत कुर्मी<br>ठेगाना : पर्सागढ़ी४ (वर्वाटाडी)<br>ना.प्र.नं : १५८८१८०९<br>जारी मिती : २०४३/०९/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा<br>कुल रकम : रु.३५,८२,७३६/ | प्रेम राउत कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला विरुवागुठी वडा नं ७,४ को कित्ता नं २९८,२३२ को क्षेत्रफल ००१२०,०५०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | नाम : जनकिया देवी<br>पति : सुरेश महतो<br>ससुरो : बाबुलाल महतो<br>बुबा : टहल महतो धानुक<br>ठेगाना : पर्सागढी ४ (हरदासपुर)<br>ना.प्र.नं : ३४०१६९०४७०६<br>जारी मिती : २०६९/१०/०७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा<br>कुल रकम : रु.२१,६५,२१६/ | जनकिया देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला पचरुखी वडा नं ५ कित्ता नं.६२६ को क्षेत्रफल ०४०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | नाम : हिरमतिया हजामिन<br>पति : शिवचन ठाकुर<br>ससुरो : बंशी ठाकुर<br>बुबा : शिवबालक ठाकुर<br>ठेगाना : वीरगंज१४<br>ना.प्र.नं : ३०९९<br>जारी मिती : २०४६/०३/०८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा<br>कुल रकम : रु.२१,४०,५०१/ | हिरमतिया हजामिन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला मजडिहा पिप्रा वडा नं ३ कित्ता नं.४०६ को क्षेत्रफल ००६० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | नाम : रामबालक राउत अहिर<br>बुबा : वासुदेव राउत अहिर<br>बाजे : अनवत राउत अहिर<br>ठेगाना : बहुदरमाई २ (बैरियाबिर्ता ढा.पु)<br>ना.प्र.नं : ०५६४३२७३<br>जारी मिति : २०४५/०१/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा<br>कुल रकम : रु.२५,०३,२४५/ | रामबालक राउत अहिर को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला वैरियाबिर्ता दा.पु.वडा नं ४,५ कित्ता नं.५४०,५१७ को क्षेत्रफल ०१४५,० १०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ६. | नाम : महापती देवी<br>पति : जगमोहन राउत अहिर<br>ससुरो : महावीर राउत अहिर<br>बुबा : मथुरा राउत अहिर<br>ठेगाना : बहुदरमाई४(बहुअरी पिडरी)<br>ना.प्र.नं : ०५१८२८९८<br>जारी मिती :२०६२/०१/१६<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा<br>कुल रकम : रु.२३,४२,३००/ | महापति देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं ७ कित्ता नं.५९३ को क्षेत्रफल ०१७० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ७. | नाम : जैसवा खातुन<br>पति : धनई मिया अंसारी<br>ससुरो : साहेवा मिया<br>बुबा : ओलिमन मिया<br>ठेगाना : सखुवा प्रसौनी ४ (देवरवाना)<br>ना.प्र.नं : ४५८००११४<br>जारी मिती :२०३६/०१/१८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा<br>कुल रकम : रु.२३,७१,९८२/ | जैसवा खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला देउरवाना वडा नं ६ कित्ता नं.२८४ को क्षेत्रफल ०१०७ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आनो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

# विसं २०८३ को पञ्चाङ्ग फागुन २ गतेदेखि बजारमा




**काठमाडौँ ।**
विसं २०८३ को पात्रो (पञ्चाङ्ग) आगामी फागुन २ गतेदेखि बजारमा आउने भएको छ ।
नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पदाधिकारी र सदस्य, पूर्वपदाधिकारी र सदस्यबीचको छलफलपछि नेपाल राष्ट्रका लागि विसं २०८३ को पञ्चाङ्ग प्रकाशनको तयारी अन्तिम चरणमा पुगेको हो ।
वर्तमान र पूर्वपदाधिकारीसँगै धर्मशास्त्रविद्, संस्कृतिविद्, सिद्धान्त तथा फलित ज्योतिषका विज्ञ, नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठका धर्मशास्त्र र ज्योतिष विभागका प्राध्यापक, नेवारी तथा विभिन्न समुदायका विज्ञ, प्रदेश सरकार एवं स्थानीय तहका प्रतिनिधि, विभिन्न ज्योतिषीय, पुरोहित, धार्मिक एवं सांस्कृतिक सङ्घ संस्थाका प्रतिनिधिबीच घनिभूत छलफल गरी पञ्चाङ्ग निर्माण गरिएको समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले राससलाई जानकारी दिए ।
छलफलपछि विसं २०८२ मा प्रकाशन भएका १८ वटा पात्रोलाई प्रकाशनको स्वीकृति दिने निर्णय समितिले गरेको छ । प्रकाशनका लागि सूर्यनाथ पन्तको तोयनाथ, बाबुराम शर्मा सापकोटाको बाबुराम, मुरारीराज पाण्डेको नरनाथ, विश्वनाथ त्रिपाठीको हिमाल, डिल्लीराज जोशीको अठोला, सुबोध ढुङ्गेलको सूर्य, लोकराज पौडेलको आकाशदर्शन, शशीधर जोशीको बगलामुखी, दामोदर अँठोला जोशीको शुभ, श्रीकेश कौशिकको बाबा गोरखनाथ, कीर्तिकिरण जोशीको कीर्ति, सिद्धिलक्ष्मी व्यञ्जनकारको सिद्धि, चेतराज उपाध्यायको खप्तड तारानाथ, नारायणप्रसाद नेपालको गौरीशङ्कर, केशवराज जोशीको भृगु अङ्गिरा, खगेन्द्रप्रसाद अधिकारीको कश्यप, ज्ञानप्रसाद भण्डारीको मुक्तिनाथ र नारायणप्रसाद निरौलाको आर्यावर्त पञ्चाङ्ग गरी १८ वटा पुराना पात्रोलाई प्रकाशनका लागि स्वीकृति दिएको समितिले जनाएको छ ।
विसं २०८१ सम्म १४ वटा पञ्चाङ्ग प्रकाशन हुँदै आएकामा २०८२ मा चार नयाँ पात्रोले प्रकाशनको स्वीकृति पाएका थिए । यस वर्षदेखि स्वीकृति दिइएका चार पात्रोलाई दुई वर्षे परीक्षण काल राखेर स्वीकृति दिइएको उनले बताए ।
विसं २०८३ देखि प्रकाशन हुने गरी नयाँ अर्को एउटा पात्रोले पनि स्वीकृति मागेको छ ।
नयाँ पात्रोलाई भने स्वीकृति दिन बाँकी रहेको जनाइएको छ । विगत वर्षमा माघ तेस्रो साता नै अर्को वर्षको पात्रो बजारमा आउने गरेको थियो । यस वर्ष संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समितिको कार्यकारी निर्देशक नियुक्तिमा ढिलाइ गरेका कारण पात्रो प्रकाशनका लागि स्वीकृति दिन पनि करिब १० दिन ढिलाइ भएको हो ।
मन्त्रालय अन्तर्गतको समितिलाई पञ्चाङ्ग (पात्रो), भित्तेपात्रो (क्यालेण्डर) प्रकाशनको स्वीकृति, चाडबाड एवं तिथिमितिको निर्णय र धर्म, संस्कृतिको क्षेत्रलाई नियमन गर्ने काम गठन आदेश २०७७ ले दिएको छ ।
सरकारले २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गरी यस्तो जिम्मेवारी दिएको हो । धर्म, संस्कृतिको क्षेत्रलाई नियमन गर्ने गरी समितिको छुट्टै विधेयक नै मस्यौदा गर्नुपर्ने माग पनि यस क्षेत्रका अभियानकर्मीबाट हुँदै आएको छ । तर, यो माग अझै पूरा हुन सकेको छैन ।रासस

# प्रधानमन्त्री कार्कीसँग श्रीलङ्काकी राजदूतको भेट



**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि श्रीलंकाकी नवनियुक्त राजदूत महामहिम रुवान्थी डेल्पिटियाले बिहीबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शिष्टाचार भेट गरेकी छिन् ।
सो अवसरमा आपसी द्विपक्षीय हितका विविध विषयहरूमा विचार आदानप्रदान भएको थियो । भेटका क्रममा प्रधानमन्त्रीले नवनियुक्त राजदूतलाई बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गरिन् । रासस

# निर्वाचनका लागि बागलुङमा चार हजार जनशक्ति खटाइने



**बागलुङ ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा बागलुङमा दुई हजार बढी कर्मचारी परिचालन गरिने भएको छ । बागलुङमा निर्वाचन प्रहरी र नेपाल प्रहरी गरी दुई हजार नै सुरक्षाकर्मी परिचालन गर्ने तयारी भएको छ । निर्वाचनमा नेपाली सेना र सशस्त्र प्रहरी आवश्यकताका आधारमा खटिने तयारी भइरहेको छ ।
बागलुङमा कायम रहेको १०७ मतदानस्थल र २३० मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीहरु गरी दुई हजार ६० जना कर्मचारी खटाउने तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालय बागलुङले जनाएको छ । बागलुङमा २३० मतदान अधिकृत, २३० सहायक मतदान अधिकृतसँगै एउटा मतदान केन्द्रमा अन्य सात जनाका दरले एक हजार ६१० कर्मचारी परिचालन गरिने तयारी भएको निर्वाचन कार्यालय बागलुङका सूचना अधिकारी गोकुल शर्माले जानकारी दिए ।
निजामती कर्मचारीबाट मतदान अधिकृत र सहायक मतदान अधिकृतमा प्राथमिकता दिइएको र अपुग कर्मचारीलाई शिक्षकबाट ल्याउने तयारी गरिएको छ । बागलुङमा ६३७ नेपाल प्रहरी र एक हजार २९८ निर्वाचन प्रहरी परिचालन गरिने तयारी भएको बागलुङका प्रहरी उपरीक्षक तिलक भारतीले जानकारी दिए । उनले पहिलो घेरा र मतपेटिकाको सुरक्षामा नेपाल प्रहरी खटिने भए पनि बाहिरी घेरामा आवश्यकताका आधारमा सशस्त्र प्रहरी र नेपाली सेना समेत खटिने भारतीले जानकारी दिए । उनले सशस्त्र र नेपाली सेनाको संख्याको तथ्याङ्क सार्वजनिक गर्न नमिल्ने बताए ।
‘मोबाइल टोली भन्ने प्रहरीको छुट्टै संयन्त्र हुन्छ जहाँ समस्या हुन्छ, त्यस स्थानमा तुरुन्तै पुग्छ’, ‘नेपाली सेना र सशस्त्र प्रहरी मतदान केन्द्रको बाहिर अलर्ट हुन्छ, जनताले निर्धक्क आफ्नो मत जाहेर गर्न सक्छन्’, भारतीले भने । बागलुङमा निर्वाचन र नेपाल प्रहरी गरी एक हजार ९३५ सुरक्षाकर्मी र दुई हजार ६० कर्मचारी गरी तीन हजार ९९५ जनशक्ति परिचालन गरिने भएको छ ।
जसमा नेपाली सेना र सशस्त्र प्रहरी बल अलग्गै खटिने छन् । बागलुङमा सुरक्षा संवेदनशिलता, मतदाताको संख्या घटबढ, तथा पायक पर्ने स्थानलगायत कारण एक मदतानस्थल थप गरेको र एक मतदना केन्द्र घटाएर १०७ मतदानस्थल र २३० मतदान केन्द्र कायम गरिएको हो । दुई मतदानस्थललाई स्थानान्तरण गरिएको छ ।
१० स्थानीय तह र दुई प्रतिनिधिसभा सदस्य रहेको कूल एक लाख ९३ हजार ३८१ जना मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन कार्यालय बागलुङका अनुसार ९४ हजार ८०६ पुरुष र ९८ हजार ५७४ महिला मतदाता रहेका छन् । यसपटक दुई प्रतिनिधिसभा सदस्यका लागि २३ जना चुनावी मैदानमा छन् ।
क्षेत्र नं. १ मा नेपाल मानवतावादी पार्टीका भक्तबहादुर विक, राष्ट्रिय प्रजातन्त्र पार्टीका कल्याण आचार्य, मङ्गोल नेशनल अर्गनाइजेशनका गुमाकुमारी बुढा रानामगर, राष्ट्रिय स्वतन्त्र पार्टीका सुशील खड्का, नेपाल कम्युनिष्ट पार्टी एमालेका हीराबहादुर केसी, प्रगतिशल लोकतान्त्रिक पार्टीका चित्रप्रसाद सापकोटा, नेपाली कांग्रेसका भीमबहादुर श्रीस राना चुनावी मैदानमा छन् ।
त्यसैगरी नेशनल रिपब्लिक नेपालका सहविर थापा, राष्ट्रिय जनमोर्चा पार्टीका कृष्णप्रसाद शर्मा अधिकारी, श्रम संस्कृति पार्टीका लालबहादुर घर्ती र नेपाल कम्युनिष्ट पार्टी माओवादीका टेकबहादुर केसी मैदानमा छन् ।
क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट टेकराज पौडेल, नेकपा (एमाले) बाट मन्जु शर्मा चालिसे, नेपाली कम्युनिष्ट पार्टीबाट ज्ञामनाथ गैरे, राष्ट्रिय स्वतन्त पार्टीबाट सोम शर्मा, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता अञ्चल शाही, श्रम संस्कृति पार्टीका हर्कबहादुर पुन, नेकपा (माओवादी) का लोकेन्द्र घिमिरे मैदानमा छन् ।
प्रगतिशील लोकतान्त्रिक पार्टीका पदम कुँवर, नेपाल मानवतावादी पार्टीका टेकप्रसाद कामी, मङ्गोल नेशलन अर्गनाइजेशनबाट जुनबहादुर थापामगर, जनता समाजवादी पार्टीका पूर्णबहादुर घर्ती र नेशनल रिपब्लिक पार्टीका नरबहादुर बुढा चुनावी मैदानमा छन् ।रासस

# सामुदायिक विद्यालय एकीकृत हाजिरी प्रणालीमा आबद्ध




**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकाले सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी र विद्यार्थीको दैनिक हाजिरीका लागि आफ्नै एकीकृत हाजिरी प्रणाली विकास गरेको छ । शिक्षा विभाग र सूचना प्रविधि विभागले आफ्नै प्रणाली विकास गरेर सामुदायिक विद्यालयलाई एकीकृत प्रणालीमा जोडेका हुन् ।
सबै विद्यालयहरुलाई ‘युजर नेम’ र ‘पासवर्ड’ प्रदान गरिसकिएको छ । यस्तै जनकल्याण मावि, टङ्गाल मावि, गीतामाता मावि, ज्ञानोदय मावि, तरुण मावि, रत्नराज्य मावि, पद्मोदय मावि, जनपथ मावि र विश्व निकेतन माविका शिक्षक र कर्मचारीको नाम ‘डाटा इन्ट्री’ र ‘फेस रिडिङ’ भइसकेको छ । विद्यार्थीहरुको तथ्याङ्क प्रविष्ट गराउने र फेस रिडिङ प्रक्रिया चलिरहेको शिक्षा विभागका निमित्त प्रमुख केशवप्रसाद ज्ञवालीले जानकारी दिए ।
उक्त प्रणालीका लागि कामपाका आन्तरिक जनशक्तिले काम गरेका छन् । यसले, कामपाको प्रणाली विकासमा परनिर्भरता घट्न थालेको छ । प्रणाली विकासपछि विद्यालयको लेखा र प्रशासनमा काम गर्ने कर्मचारीहरुलाई हाजिरी प्रणाली सञ्चालन गर्ने तालिम प्रदान गरेको छ ।
तालिमबाट डाटा इन्ट्री गराउने, अद्यावधिक गराउने, प्रतिवेदन बनाउने काम विद्यालयहरुबाटै हुनेछ । तर, यसको रियल टाइम सूचना कामपाको केन्द्रीय प्रणालीबाट निगरानी गर्न सकिनेछ । सूचना प्रविधि विभागका प्रमुख अनिरुद्ध नेपाल भन्छन्, “कामपाको आफ्नै प्रणाली विकास हुनु सबैभन्दा ठुलो उपलब्धि हो । अब सेवाका लागि परामर्शदाताको मुख ताक्नुपर्दैन ।” प्रणालीमा तथ्याङ्क प्रविष्ट गराइसकेपछि सब–नेशनल ट्रेजरी रेगुलाटोरी एप्लिकेसन (सूत्र) मा आवद्ध गर्ने योजना रहेको सूचना प्रविधि अधिकृत इञ्जिनियर माधव खनालले बताए ।
यो प्रणाली व्यक्तिगत प्रोफाइल समेत हुनेछ । जसमा विद्यार्थीले आफ्नो विवरण आफैँ हेर्न सक्नेछन् । यसलाई विकास गर्दै विद्यार्थीहरु गयल भएको सूचना अभिभावकलाई पठाउने बनाइने पनि कामपाले जानकारी दिएको छ ।रासस

# निर्वाचन लोकतान्त्रिक अभ्यास सुदृढ गर्ने अवसरः उपराष्ट्रपति



**काठमाडौँ ।**
उपराष्ट्रपति राम सहायप्रसाद यादवले आसन्न निर्वाचन लोकतान्त्रिक अभ्यास अझै सुदृढ गर्ने महत्वपूर्ण अवसर भएको बताएका छन् । काठमाडौँमा आयोजित आदिवासी जनजाति आयोगको पाँचौँ वार्षिकोत्सवलाई सम्बोधन गर्दै उनले निर्वाचन नागरिकको अधिकार अभिव्यक्त गर्ने माध्यम हो भने ।
उनले निर्वाचनका माध्यामबाट सम्पूर्ण नेपालीहरुले आफ्नो मताधिकार प्रयोग गरी राज्यको नीतिगत दिशा तय गर्ने अवसर प्रदान गर्ने भएकाले सबै नागरिकले अवसर गुमाउन नहुनेमा जोड दिए ।
उनले भने, ‘निर्वाचनका माध्यामबाट सम्पूर्ण नेपालीहरुले आफ्नो मताधिकार प्रयोग गरी राज्यको नीतिगत दिशा तय गर्ने अवसर प्रदान गर्छ, त्यसले लोकतन्त्रलाई जीवन्त राख्छ र समावेशितालाई बलियो बनाउँछ । निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बलिया बनाई समावेशितालाई सुदृढ पार्छ ।’
यसका लागि आदिवासी जनजाति समूहसहित सबै समुदायको सहभागिता अपरिहार्य रहेको पनि उनले बताए । उपराष्ट्रपति यादवले आदिवासी जनजातिलाई स्रोत साधनमा पहुँच, नीति निर्माणमा सहभागिता र न्यायपूर्ण विकास प्रक्रियामा संलग्नतामा सुनिश्चित गर्न आयोगले पहल गर्न जरुरी रहेको बताए ।
‘समावेशी लोकतन्त्रको सार्थकता तब मात्रै पुष्टि हुन्छ, जब प्रत्येक नागरिकले आफ्नो पहिचानलाई सम्मानित र अधिकारलाई सुनिश्चित भएको अनुभूति गर्दछ’, उपराष्ट्रपति यादवले थपे । उनले समतामूलक समाज निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने काम यस्ता संवैधानिक आयोगको भएको पनि बताए ।
कार्यक्रममा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले कार्यप्रगति प्रस्तुत गर्दै अझै पनि नेपालमा आदिवासी जनजातिको राज्यको निकायमा पहुँच तथा सुविधा अत्यन्तै कमजोर रहेको बताए ।
उनले विभिन्न अध्ययन अनुगमनमा समेत राज्यका अङ्गबाट भएका कमीकमजोरी औँल्याउँदै गरिएको सिफारिस १० प्रतिशतभन्दा बढी कार्यान्वयन हुन नसक्नु दुःखको कुरा भएको बताए । विशेष नीति वा कानुन लयाएर समान सहभागिता र उचित प्रतिनिधित्वको सुनिश्चितता गर्न तत्काल जरुरी रहेको उनले बताए ।
सो क्रममा आयोगले हरेका कार्यक्रम कार्यान्वयनमा आदिवासी जनजातिसँगको समन्वयमा कार्य गरी नमूना अभ्यासको थालनी गरेको जनाउँदै खोटाङको हलेसी तुवाचुङ नगरपालिका र आदिवासी जनजातिबारे स्नातक तहसम्मको पाठ्यक्रम निर्माण गरी पठनपाठन गराएकोमा सम्मान गरिएको थियो । सोही अवसरमा आदिवासी जनजातिको हकहितमा योगदान गरेको जनाउँदै डा. पासाङ डोल्मा शेर्पालाई सम्मान गरिइएको थियो ।रासस

# मुस्ताङको साङ्ता मतदानस्थल सार्न प्रस्ताव



**मुस्ताङ ।**
यहाँस्थित बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५ अन्तर्गत पर्ने साङ्ता मतदानस्थल सार्न प्रस्ताव गरिएको छ । वडा कार्यालयले हिमपात र अत्यधिक चिसोको बारेमा जानकारी गराउँदै उक्त स्थानको मतदानस्थल सार्न प्रस्ताव गरेको हो ।
जोमसोमदेखि उत्तर–पश्चिमतर्फ मुस्ताङ–डोल्पा सडकअन्तर्गत सिमानामा पर्ने यहाँको साङ्ता गाउँ मुस्ताङकै सबैभन्दा कान्छो गाउँगाउँ हो । विसं २०२२ मा पत्ता लागेको साङ्ता गाउँमा १३ घरधुरीको बसोबास रहेको छ ।
विसं २०७९ को सङ्घीय तथा प्रादेशिक निर्वाचनमा यहाँ ३४ मतदाता सङ्ख्या थियो । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा यहाँको साङ्ता गाउँमा पछिल्लो मतदाता नामावली अद्यावधिक हुँदा ३९ मतदाता कायम भएको छ ।
हिमाली जिल्ला मुस्ताङ र डोल्पाको सिमानामा पर्ने यहाँको साङ्ता गाउँस्थित हिमाली आधारभूत विद्यालयको मतदानस्थल सार्न सम्बन्धित निकायमा पत्राचार गरिएको त्यहाँका वडासदस्य छिरिङ पाल्साङ गुरुङले जानकारी दिए ।
हिमपात र अत्यधिक चिसोका कारण गाउँमा केही याकचौँरी हेर्ने गोठालाबाहेक कोही नभएको र गाउँका सबै नागरिक हिमपात र चिसो छल्न फल्याक धाकार्जुङ, कागबेनी र जोमसोमलगायत स्थानमा आफन्तजनको घरमा बसेको वडासदस्य छिरिङ पाल्साङले जानकारी दिए ।
मतदानको समयमा हिमपात र चिसो कायमै हुने समय भएको भन्दै मतदान सार्न अनुरोध गरिएको उनको भनाइ छ ।
मुस्ताङको पाक्लिङदेखि मुस्ताङ र डोल्पाको सिमानामा सडकको ट्र्याक खोलिएको भए पनि साङ्ता गाउँबाट याकखर्कसम्मको सडक चुनौतिपूर्ण र कष्टकर छ ।
समुन्द्री सतहको चार हजार ५०० मिटरमाथिको उचाइबाट सडक विस्तार भएको साङ्ता गाउँ जाने मुस्ताङ–डोल्पा सडक एक महिनाअघिदेखि हिमपातले अवरुद्ध छ ।
गाउँलेहरू हिमपात र अत्यधिक चिसोका कारण अन्य क्षेत्रमा गएकाहरू गर्मीयाम सुरु भएपछि (चैत–वैशाख) मात्रै गाउँ फर्किन्छन् । गाउँमा कोही नहुने भएपछि वडा कार्यालयले जिल्ला सुरक्षा समिति, मुख्य निर्वाचन अधिकृतको कार्यालय र जिल्ला निर्वाचन कार्यालयलाई मतदानस्थल सार्न प्रस्ताव पठाएको हो ।
कृषि र पशुपालन व्यवसायमा आश्रित स्थानीयहरू वर्षको सात महिना मात्रै गाउँमा बस्छन् । पहिले–पहिले हिउँदयाममा जाडो छल्न गाउँ नजिककै पारिलो स्थान घोक भन्ने स्थानमा घुम्ती बासस्थान सार्ने गरेका भए पनि पछिल्लो केही वर्षयता साङ्ता गाउँका नागरिकले त्यहाँको घोक भन्ने स्थान छाडेर जोमसोम आसपासका क्षेत्रमा बस्न थालेका हुन् । केही गाउँले भने पोखरा–काठमाडौँमा झरेका छन् ।
मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्माले मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत विद्यालयको मतदानस्थल सार्न त्यहाँको वडा कार्यालयबाट प्रस्ताव आएको जानकारी दिइन् ।
‘हिमपात र चिसोका कारण साङ्ता गाउँको मतदानस्थल सार्न हामीलाई प्राप्त भएको छ, उक्त पत्रका सम्बन्ध तत्काल कुनै छलफल भएको छैन’, प्रजिअ शर्माले भनिन्, ‘हामी यहाँ बैठक बसेर उक्त प्रस्तावबारे छलफल गरी निर्णय लिन्छौँ, बैठकले प्रस्ताव उपयुक्त ठाने उक्त सिफारिससहित हामीले निर्वाचन आयोगमा पठाउँछौँ ।’
निर्वाचनका लागि मतदान केन्द्र तथा मतदानस्थल हेरफेर, थपघट र स्थान्तरण गर्न आयोग मतदानस्थल तथा मतदान केन्द्र कार्यविधि २०८१ अनुसार उपयुक्त ठहरिएमा प्रस्ताव अनुमोदनका लागि आयोगमा सिफारिस गर्ने प्रजिअ शर्माको भनाइ छ ।रासस

# आगलागीको सङ्केत देखिएको जहाज सुरक्षित अवतरण

**काठमाडौँ ।**
दायाँ इञ्जिनमा आगलागीको सङ्केत देखिएको टर्कीस एयरलाइन्सको जहाज भारतको कोलकाततामा सुरक्षित अवतरण भएको छ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट टर्कीको इस्तानबुलका लागि उडेको उडान नम्बर ‘टीएचवाई ७२७’ जहाज आज दिउँसो १ः२९ बजे उडे लगत्तै ४ मिनेटमा दायाँ इञ्जिनमा आगलागीको सङ्केत दिएको थियो । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको खोज तथा उद्धार समन्वय केन्द्रले जारी गरेको विज्ञप्ति अनुसार जहाजले काठमाडौँ विमानस्थलबाट उडान भरी उचाइ लिने क्रममा ‘फोर डिएमइ वेस्टमा राइट इञ्जिन अन फायर’ भनी काठमाडौँ ‘एप्रोच कन्ट्रोल’मा रिपोर्ट गरेको थियो । तत्पश्चात केही समय डार्कमा होल्ड गरी कोलकाता डाइभर्ट गरिएको थियो । सो जहाजको कोलकाता पुग्ने अनुमति समय नेपाली समयअनुसार दिउँसो ३ बजेर ३ मिनेटमा सुरक्षित अवतरण गरेको केन्द्रले जनाएको छ ।
उक्त जहाजमा जम्मा यात्रु २२५ र चालक दलका ११ सदस्य गरी जम्मा २३६ सवार थिए । सबै यात्रु तथा चालकदल सुरक्षित रहेको विमानस्थल कार्यालयले जनाएको छ ।रासस

# वीरगंजमा मधेशवादी दलका नेता–कार्यकर्ता एकै मञ्चमा

# जसपाका उम्मेदवार अशोक टेमानीलाई जिताउन आह्वान




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. १० स्थित जनता समाजवादी पार्टी (जसपा) को कार्यालयमा मधेशवादी दलका नेता तथा कार्यकर्ताको उल्लेखनीय उपस्थितिमा भेला सम्पन्न भएको छ ।

मतदाता नामावली प्रकाशनअघि नै केन्द्रमा मधेशवादी धारका दलहरूबीच समन्वय र एकता भइसकेको अवस्थामा जिल्लामा छरिएर रहेका मधेशवादी शक्तिहरूलाई एकै मञ्चमा उभ्याउने आवश्यक रहेको निष्कर्षसहित वीरगंजमा मधेशवादी धारका दलका जिल्ला कार्यकर्ताहरुको भेला सम्पन्न भएको हो ।

भेलालाई सम्बोधन गर्दै मधेश प्रदेशका पूर्व मुख्यमन्त्री तथा जसपाका नेता लालबाबु राउत गद्दीले पार्टीप्रति अनुशासित भई सक्रियतापूर्वक अघि बढ्न आग्रह गरे । उनले प्रतिनिधिसभा सदस्यका उम्मेदवार अशोक टेमानीलाई विजयी गराउन प्रत्येक कार्यकर्ताले आ–आफ्नो स्थानबाट जिम्मेवारीपूर्वक खटिनुपर्ने बताए । पर्साको चारै निर्वाचन क्षेत्रमा जसपाबाट उम्मेदवारहरू चुनावी मैदानमा रहेकाले सबैलाई विजयी गराउने लक्ष्यसहित आजैदेखि औपचारिक रूपमा प्रचार–प्रसारमा जुट्न उनले आग्रह गरे ।

राउतले मधेशको भावना, पहिचान र मधेशी जनताको हकअधिकार सुनिश्चित गर्न मधेशी दलहरूबीच एकता अपरिहार्य रहेको नै केन्द्रमा एकजुट भएको भन्दै जिल्लामा रहेको सबै मधेशवादी दलका नेता कार्यकर्ताहरु एकजुट भई अघि बढ्न आग्रह गरे । 'औपचारिक संरचनागत एकता नभएपनि निर्वाचनका सन्दर्भमा मधेशी दलहरूको एजेण्डा एउटै छ,' उनले भने, 'यही साझा एजेण्डाका आधारमा पर्साको चारै क्षेत्रमा जसपाका उम्मेदवार रामनरेश यादव, अशोक टेमानी लगायतलाई विजयी गराउन सबै एकजुट हुनुपर्छ ।' मधेशी शक्तिहरू एकै ठाउँमा उभिएकोमा उनले खुशी व्यक्त गरे ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक टेमानीले पनि विभिन्न धारमा विभाजित व्यक्तित्वहरू एकढिक्का भएको देख्दा आफू उत्साहित भएको बताए । 'एकढिक्का हुँदा पार्टी अझ मजबुत हुन्छ,' उनले भने, 'विगतमा जनताले धेरै पटक नेताबाट धोका खाएका छन्, अब व्यक्ति चिनेर जिताउने समय आएको छ ।'

टेमानीले मधेशको वर्तमान अवस्था दयनीय रहेको, गाउँघरमा आधारभूत विकाससमेत नपुगेको उल्लेख गर्दै विगतमा निर्वाचित प्रतिनिधिहरूले अपेक्षाअनुसार काम गर्न नसकेको टिप्पणी गरे । 'अब विकासको ढोका खोल्ने मौका आएको छ, यो अवसर गुमाउनु हुँदैन,' उनले जोड दिए ।

भेलामा निर्वाचन अभियान कसरी प्रभावकारी बनाउने, घरदैलो र प्रचार–प्रसारमा कसरी सक्रिय हुने, मतदातामाझ पार्टीको एजेन्डा र उम्मेदवारको पृष्ठभूमि कसरी स्पष्ट रूपमा पु¥याउने भन्ने विषयमा पनि विस्तृत छलफल गरिएको थियो । विशेषगरी युवाहरूलाई अग्रपङ्क्तिमा उभ्याएर जनसम्पर्क अभियान तीव्र बनाउने रणनीतिमा जोड दिइएको सहभागीहरूले बताएका छन् ।

कार्यक्रममा जसपाका केन्द्रीय सदस्य विरेन्द्र यादव, जिल्ला कार्यवाहक अध्यक्ष सन्तोष तिवारी, वीरगंज महानगरपालिका वडा नं. २५ का वडाध्यक्ष आशुतोष चतुर्वेदी, हृदेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टीका केन्द्रीय सदस्य भरतभूषण पाण्डे, केन्द्रीय उपाध्यक्ष अँकुश पटेल, युवा अध्यक्ष विक्रम मुखिया, जिल्ला सचिव योगेन्द्र शर्मा, सदस्य हरिन्द्र शर्मा लगायतका नेता–कार्यकर्ताको उपस्थिति रहेको थियो ।

भेलाले मधेशवादी शक्तिहरूबीच आपसी विश्वास, समन्वय र साझा लक्ष्यलाई सुदृढ गर्ने सन्देश दिएको सहभागीहरूको भनाइ छ । आगामी निर्वाचनलाई लक्षित गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिइने र जिल्लाभर कार्यकर्तालाई संगठित रूपमा परिचालन गरिने जनाइएको छ । आयोजकहरूले यस भेलालाई पर्सामा मधेशवादी एकताको सन्देश प्रवाह गर्ने महत्वपूर्ण कदमका रूपमा लिएका छन् ।

# रुट परमिट उल्लङ्घन गर्ने १५ सवारी साधन ट्राफिक कारबाहीमा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा गरिएको विशेष ट्राफिक चेकिङका क्रममा रुट परमिट अनुसारको गन्तव्यसम्म नपुगी जथाभावि पार्किङ्ग गर्ने १५ वटा सवारी साधनलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिई कारबाही गरेको छ । बिहीबार सञ्चालन गरिएको उक्त विशेष अनुगमनमा यातायात व्यवस्था कार्यालयबाट जारी गरिएको बाटो इजाजत पत्र (रुट परमिट) उल्लङ्घन गरी ट्राफिक व्यवस्थापनमा अवरोध पु¥याइरहेका सवारी साधनहरू फेला परेका थिए ।

ट्राफिक प्रहरीका अनुसार कतिपय सवारी साधनहरू तोकिएको गन्तव्य स्थानसम्म नपुगी यात्रु कुरेर सडक छेउमै पार्किङ्ग गर्ने, अनावश्यक रूपमा भीडभाड बढाउने तथा सडकको आवागमन प्रभावित पार्ने गतिविधिमा संलग्न रहेको पाइएको थियो । यस प्रकारको लापरबाहीले सडक जाम, दुर्घटनाको जोखिम तथा सर्वसाधारणलाई सास्ती बढाउने भएकाले विशेष निगरानी गरी कारबाही गरिएको जनाइएको छ ।

नियन्त्रणमा लिइएका सवारी साधनहरूलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६० को उपदफा (२) को खण्ड 'ख' बमोजिम कारबाही गरिएको ट्राफिक प्रहरीले जानकारी दिएको छ । सो ऐनअनुसार रुट परमिट उल्लङ्घन गर्नु, तोकिएको स्थानबाहेक जथाभावि पार्किङ्ग गर्नु तथा ट्राफिक व्यवस्थापनमा असर पार्नु दण्डनीय कसुर मानिन्छ ।

ट्राफिक प्रहरीले सवारी चालक तथा व्यवसायीहरूलाई रुट परमिटको पूर्ण पालना गर्न, तोकिएको स्थानबाहेक अन्यत्र पार्किङ्ग नगर्न र ट्राफिक नियमको कडाइका साथ पालना गर्न आग्रह गरेको छ । साथै, उपत्यकाभर यस्ता विशेष अनुगमन अभियानलाई निरन्तरता दिइने बताइएको छ, ताकि सडक व्यवस्थापनलाई व्यवस्थित, सुरक्षित र प्रभावकारी बनाउन सकियोस् । ट्राफिक नियमको पालना सबै चालकको दायित्व भएको उल्लेख गर्दै प्रहरीले नियम उल्लङ्घन गर्नेहरूलाई भविष्यमा पनि कडा कारबाही गरिने चेतावनी दिएको छ ।

# सुशासन र भ्रष्टाचार नियन्त्रण प्राथमिकताः किरण साह



**प्रेमचन्द्र झा**
**रौतहट ।**
प्रतिनिधिसभा निर्वाचनअन्तर्गत रौतहट क्षेत्र नम्बर २ का उम्मेदवार किरण साहले स्थानीय तहमा व्याप्त भ्रष्टाचार अन्त्य गर्दै सुशासन कायम गर्ने प्रतिबद्धता जनाएका छन् । उनले रौतहट क्षेत्र नम्बर २ का अधिकांश नगरपालिका भ्रष्टाचारमा लिप्त रहेको आरोप लगाउँदै आफू निर्वाचित भएपछि स्थानीय तहलाई भ्रष्टाचारमुक्त बनाउने कडा नियम–कानुन निर्माण गर्ने बताएका छन् ।

निर्वाचन जितेपछि जनतासँग प्रत्यक्ष सम्पर्कलाई प्राथमिकता दिने बताउँदै शाहले आफ्नो मोबाइल नम्बर सार्वजनिक गरी जनतासँग निरन्तर सम्पर्कमा रहने बताए । 'साधी, छठियार, पूजा, पुण्यतिथि जस्ता जनजीवनसँग जोडिएका कार्यक्रममा जनताको जानकारी अनुसार म स्वयं उपस्थित हुन्छु,' उनले भने, 'जनताबाट जति बेला सूचना आउँछ, त्यति बेलै म त्यहाँ पुग्ने प्रयास गर्छु ।'

महिला, दलित, जनजाति तथा पिछडिएको वर्गका अधिकार कागजमा मात्र सीमित भएको उल्लेख गर्दै शाहले यस विषयमा आफूले पहिले पनि संसदमा पटक–पटक आवाज उठाउँदै आएको दाबी गरे । उनले भने, 'कुनै महिला वा दलितमाथि अन्याय भएको जानकारी पाउने बित्तिकै म सम्बन्धित निकायमा प्रत्यक्ष सम्पर्क गरी समस्या समाधानको पहल गर्दै आएको छु ।'

रौतहट क्षेत्र नम्बर २ का मुख्य समस्याका रूपमा शिक्षा, स्वास्थ्य, बाटोघाटो र लाल बकैया नदीको कमजोर तटबन्धलाई उनले औंल्याए । वर्षायाममा नदीको तटबन्ध कमजोर हुँदा ठूलो क्षति हुने गरेको भन्दै यसको दीर्घकालीन समाधान खोज्ने प्रतिबद्धता जनाए । साथै, हरेक वर्ष हिन्दु–मुस्लिम धार्मिक पर्वका बेला हुने अवाञ्छित गतिविधिले आपसी सद्भाव बिग्रँदै गएको भन्दै धर्मको नाममा राजनीति गर्ने र गुण्डागर्दी मच्चाउने तत्वलाई नियन्त्रण गर्ने उनले बताए ।

'निर्भय, पारदर्शी र सुशासित समाज निर्माण गर्दै क्षेत्रलाई गुण्डागर्दीमुक्त बनाउने, शिक्षामा सुधार ल्याउने नै मेरो मुख्य उद्देश्य हो,' शाहले भने ।

आगामी निर्वाचनमा आफू १० हजार मतको अन्तरले विजयी हुने दाबी गर्दै शाहले जनताको विश्वास नै आफ्नो सबैभन्दा ठूलो आधार रहेको बताएका छन् ।

# बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि जारी

**काठमाडौँ ।**
निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा भाग लिने राजनीतिक दल र उम्मेदवारलाई निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ अनुसार खाता खोलेर कारोबार गर्न आह्वान गरेको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बुधबार जारी गरेको विज्ञप्तिमा आयोगको मङ्गलबारको बैठकबाट कार्यविधि स्वीकृत भई जारी गरेकाले त्यसअनुसार बैंक खाता खोली निर्वाचन प्रचारप्रसारका आम्दानी र खर्च त्यसैमार्फत गर्न आह्वान गरेको हो । कार्यविधि आयोगको वेबसाइटमा अपलोड गरिसकिएको छ । यसका लागि इजाजत प्राप्त क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई निर्देशन जारी सकिएको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ ।

राजनीतिक दल तथा उम्मेदवारलाई आमनिर्वाचनको सिलसिलामा गरिने प्रचारप्रसार खर्चलाई बैंकिङ प्रणालीमा आबद्ध गराउन निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० बमोजिम निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन गर्न आयोगले ध्यानाकर्षण गराएको हो ।

राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिइ गर्ने आम्दानी र खर्च कारोबार बैंक खातामार्फत नै गर्नुपर्ने व्यवस्था आयोगले गरेको छ । यस्तो खाता खोल्न राजनीतिक दलको हकमा निर्वाचन आयोगको सचिवालयबाट र उम्मेदवारको हकमा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट सिफारिस हुनेगरी तोकिएको पनि आयोगले जनाएको छ ।

यसैअनुसार मातहत निर्वाचन कार्यालय, बैंक तथा वित्तीय संस्थाबाट कार्यसम्पादन गर्न पनि निर्देशन दिइएको छ । निर्वाचन प्रचारप्रसार खर्चलाई आधुनिक बैंकिङ प्रणालीसँग आबद्ध गर्नेगरी सु–संस्कृत व्यवहारको थालनी भएकाले सबै पक्षबाट सक्रिय सहयोग, समन्वय र सहजीकरणको अपेक्षा पनि आयोगले गरेको विज्ञप्तिमा उल्लेख छ ।

# रौतहट–४ का मतदान स्थलमा स्थलगत निरीक्षण

**रौतहट ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउने उद्देश्यले रौतहट निर्वाचन क्षेत्र न–४ अन्तर्गतका विभिन्न मतदान केन्द्रहरूको सुरक्षा निकायले स्थलगत निरीक्षण गरेको छ । इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरका उपसचिव माधवप्रसाद शर्मा, इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रहरी नायब उपरीक्षक रुपा लाबुङ तथा सशस्त्र प्रहरी बल नेपाल बेस क्याम्प सन्तपुरका सशस्त्र प्रहरी नायब उपरीक्षक विश्व जीसीसहितको संयुक्त सुरक्षा टोलीले बुधवार मतदान स्थलहरूको स्थलगत अवलोकन तथा निरीक्षण गरेको हो ।

निरीक्षणका क्रममा मतदान केन्द्रहरूको भौतिक संरचना, सुरक्षा व्यवस्थाको अवस्था, प्रवेश तथा निस्कने मार्ग, सम्भावित जोखिम र आवश्यक पूर्वतयारीको अवस्थाबारे सूक्ष्म मूल्याङ्कन गरिएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रहरी नायब उपरीक्षक लाबुङले जानकारी दिए । उनका अनुसार निरीक्षणका क्रममा देखिएका कमजोरीहरू तत्काल सुधार गरिनेछ भने आवश्यकता अनुसार मतदान केन्द्रहरूमा थप सुरक्षात्मक व्यवस्था कडा बनाइनेछ । निर्वाचन अवधिभर शान्ति सुरक्षालाई प्राथमिकतामा राख्दै उच्च सतर्कता अपनाइने उनले बताए । सुरक्षा निकायहरूले निर्वाचनलाई कुनै पनि प्रकारको भय, दबाब तथा अवाञ्छित गतिविधिबाट मुक्त राख्ने प्रतिबद्धता व्यक्त गर्दै स्थानीय प्रशासन, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबीच प्रभावकारी समन्वयका साथ काम गरिने उनले स्पष्ट पारे ।

# शरीर बन्धक तथा ठगी गर्ने पाँच बङ्गलादेशीसहित सात जना पक्राउ

**काठमाडौँ ।**
नेपाल प्रहरीले शरीर बन्धक तथा ठगी गर्ने गिरोहलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले बूढानीलकण्ठ नगरपालिका–८ भङ्गालस्थित एक घर भाडामा लिइ वैदेशिक रोजगारीका लागि इटाली देश पठाइदिने भनी बङ्गलादेशी नागरिकलाई बङ्गलादेशबाट काठमाडौँ बोलाइ बन्धक बनाइ ठगी गर्ने सात जनालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।

पक्राउपर्नेमा बङ्गलादेश घर भई काठमाडौँ बस्दै आएका ३८ वर्षीय आल मामुन, ३९ वर्षीय बिलाल मामुन, २९ वर्षीय रिवन विश्वास, ४३ वर्षीय बाबु हुसेन, ४० वर्षीय यमडी मसिभुर रहमान, भारतका ४१ वर्षीय सरोज कुमार र नुवाकोटका ३२ वर्षीय शशि पाठक छन् ।

परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले बङ्गलादेशी नागरिकलाई घरमा बन्धक बनाइ ठगी गरेको सूचनाका आधारमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेका सातै जनालाई जिल्ला अदालत काठमाडौँबाट शरीर बन्धक तथा ठगीसम्बन्धी कसुरमा पाँच दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता भट्टराईले बताए ।

# धारा तोडफोड घटनामा संलग्न दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १२ मुर्ली क्षेत्रमा रातिको समयमा दर्जनौँ खानेपानीका धारा तोडफोड गरिएको घटनामा संलग्न रहेको आरोपमा पर्सा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । हरेक रात धाराहरू तोडफोड हुन थालेपछि स्थानीय बासिन्दामा आक्रोश फैलिएको छ भने खानेपानी आपूर्तिमा समस्या उत्पन्न भएको छ ।

घटनापछि प्रहरीले सिसिटिभी फुटेजको आधारमा अनुसन्धान अघि बढाउँदै मुर्ली नयाँ टोलका दुई जना युवकलाई बुधबार नियन्त्रणमा लिएको हो । उनीहरूलाई तोडफोडमा संलग्न रहेको आशंकामा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

स्थानीयवासीका अनुसार दुई समुदायमा झगडा र तनाव सिर्जना गर्ने उद्देश्यले एक समुदायका युवकहरूले फरक समुदायको धाराहरू तोडफोड गरिएको हुन सक्ने आशंका गरेका छन् । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको बताउँदै अन्य व्यक्तिहरूको संलग्नता भए–नभएको विषयमा पनि छानबिन गरिरहेको जनाएको छ ।

# आवास निर्माणमा अनियमितता भएको भन्दै प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बिन्दबासिनी गाउँपालिकामा दलित तथा विपन्न समुदायका लागि आवास निर्माण योजनामा अनियमितता भएको आरोप लगाउँदै दलित महिलाहरूले बुधबार प्रदर्शन गरेका छन् । वडा नम्बर–२ बहुअर्वाभाठाका दलित महिलाहरूले गाउँपालिका कार्यालय अगाडि प्रदर्शन गर्दै सूचनाको हक प्रयोग गरी आवास निर्माण योजनासम्बन्धी लिखित जानकारी मागेका छन् ।

उनीहरूले संघीय सरकारबाट प्राप्त १ करोड १० लाख रुपैयाँको अनुदान, लाभग्राही छनोट प्रक्रिया, छनौट भएका लाभग्राहीको नामावली र निर्माण हुने भवनको अन्तिम स्वामित्वबारे जानकारी माग गरेका छन् । साथै, महिलाहरूले योजना प्रक्रियामा अनियमितता भएको भन्दै तत्काल निर्माण प्रक्रिया रोक्न पनि माग गरेका छन् ।

उनीहरूले वास्तविक लाभग्राहीको सट्टा नक्कली लाभग्राही समावेश गरिएको आरोप समेत लगाएका छन् । पूर्व वडाध्यक्ष सन्जय चौहानले पनि यसअघि सोही योजना सम्बन्धी जानकारी माग गर्दै निवेदन दिएका थिए, तर अहिलेसम्म कुनै सुनुवाइ नभएको बताएका छन् ।

# उम्मेदवार पन्तलाई भन्सार क्षेत्रमा स्वागत

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका तर्फबाट पर्सा क्षेत्र नम्बर १ का उम्मेदवार हरि पन्तलाई भन्सार एरियाका स्थानीयवासीहरूले स्वागत गरेका छन् ।

रास्वपाले बुधबार भन्सार एरियामा आयोजना गरेको घरदैलो कार्यक्रममा स्थानीय नागरिकहरूले उम्मेदवार पन्तलाई स्वागत गरेका हुन् ।

सो अवसरमा वीरगंज भन्सार एजेन्ट संघका पूर्व अध्यक्ष विजय साहले रास्वपाले मात्र देशमा आमूल परिवर्तन ल्याएर सुशासन र समृद्धिको दिशामा अघि बढाउन सक्ने दाबी गर्दै स्थानीयवासीहरू रास्वपालाई निस्वार्थ सहयोग गर्न तयार रहेको बताए ।

घरदैलोअघि आयोजित कोणसभालाई सम्बोधन गर्दै रास्वपा पर्सा सभापति एवं उम्मेदवार हरि पन्तले पुराना दलका उम्मेदवारहरूलाई विगत ३५ वर्षमा के गरे र अब के गर्छन् भन्ने प्रश्न गर्न मतदातालाई आग्रह गरे ।

. उनले फेरि पनि पुराना दललाई मत दिएर जेन्जी आन्दोलनको उपहास नगर्न पनि अनुरोध गरे ।

घरदैलोका क्रममा पन्तले स्थानीयसँग प्रत्यक्ष भेटघाट गर्दै रास्वपाको नीति, उद्देश्य तथा सुशासन, पारदर्शिता र जवाफदेहिताबारे जानकारी गराएका थिए ।

कार्यक्रममा रास्वपाका नेता–कार्यकर्ता, स्थानीय युवा तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो । पार्टीले आगामी दिनमा पनि यस्ता जनस्तरका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन